# वर्गदृष्टि साप्ताहिक

Bargadristi Weekly

वर्ष ४ अङ्क ८ पूर्णाङ्क १५३ | २०७६ भदौ १६ गते सोमबार | Monday, 2 Sept., 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-

## देशभक्त जनगणतान्त्रिक मोर्चाको १ प्रदेशको सम्मेलन सम्पन्न



इटहरी । नेकपा (क्रान्तिकारी माओवादी)को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको १ नं. प्रदेशको सम्मेलन सम्पन्न भएको छ। मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेल'गौरव'को प्रमुख उपस्थितिमा सम्पन्न सम्मेलनले शान्तिराम गिरीलाई प्रदेश अध्यक्षमा निर्वाचित गरेको छ । सुनसरीको ...बाँकी ७ पेजमा

# क्रान्तिकारी माओवादीको जिल्ला जिल्लामा अभियान



● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले सातवटै प्रदेशका अधिकांश जिल्लाहरूमा अभियान सञ्चालन गरेको छ । असारको १२ देखि १७ मा सम्पन्न पार्टीको केन्द्रीय समितिले गरेका निर्णयहरू कार्यान्वयनको क्रममा जिल्लाहरूमा अभियान सञ्चालन भइरहेको माओवादी नेताहरूले बताएका छन् ।

पार्टी, देजमो, जबस-मोर्चाहरूका संगठन विस्तार तथा सुदृढीकरण गर्दै जनसंघर्ष, वर्गसंघर्ष तथा प्रतिरोध संघर्ष उठानको आधार निर्माण गर्ने उद्देश्यलाई केन्द्रमा राखेर जिल्लाहरूको सापेक्षतामा १५ दिनदेखि पाँच हप्तासम्मका अभियानहरू सञ्चालन भइरहेका छन् । ...बाँकी ८ पेजमा

## शैक्षिक माफियाका विरुद्ध आक्रामक बन्ने अखिल क्रान्तिकारीको चेतावनी

### सुदूरपश्चिम प्रदेशको संयोजकमा पुनः रामबहादुर महरा

● धनञ्जय अवस्थी

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले शैक्षिक माफियाका विरुद्ध आक्रामक बन्ने चेतावनी दिएको छ । बुधबार महेन्द्रनगरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै संगठनका अध्यक्ष हरि कृष्ण गजुरेलले यस्तो चेतावनी दिएका हुन् । उनले शैक्षिक माफिया, दलाल बिरुद्ध अखिल क्रान्तिकारी अब आक्रामक ढंगले प्रस्तुत हुने बताए । उनले भने, 'चारैतिर शिक्षा र स्वास्थ्य क्षेत्रमा विकृती बढेर गएको छ । अब अखिल (क्रान्तिकारी) चुप लागेर बस्दैन ।'

सुदूरपश्चिम, त्रिभुवन विश्वविद्यालय सहितका विभिन्न विश्वविद्यालयमा पदाधिकारी नियुक्तिको विषयमा आफन्तवाद र दलीयवाद हावी भएकाले त्यसको समेत अन्त्यका लागि क्रान्तिकारीले संघर्ष गर्ने बताए । क्रान्तिकारीले विगतदेखि नै निःशुल्क तथा वैज्ञानिक शिक्षामा जोड दिदै आएको पनि उनले बताए ।

यसैबीच, अखिल क्रान्तिकारीले सुदूरपश्चिम प्रदेशको संयोजकमा पुनः राम बहादुर महरालाई चयन गरेको छ । प्रदेश कमिटीका सदस्यहरूमा केशव साउद, टेकेन्द्र साउद, पुष्कर जोशी, प्रकास जोशी, रोशन रेग्मी र प्रेम बोहरालाई चयन गरेको छ ।

नवनिर्वाचित संयोजक ...बाँकी ७ पेजमा

# 'काठमाडौं मार्च अभियान'

## 'जनताको चाहना–जनगणतन्त्रको स्थापना'




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंले जारी पाँच हप्ते 'काठमाडौं मार्च अभियान' अन्तर्गत बिहीबार ऱ्यालीसहित काठमाडौंको असन चोकमा सन्देश सभा सम्पन्न गरेको छ । काठमाडौं महानगरपालिका पश्चिम नगर कमिटीको आयोजना गरिएको सन्देश सभालाई पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल'गौरव'ले सम्बोधन गरेका छन् । असनबाट निस्किएको ऱ्याली ठमेल, कमल पोखरी (छायाँदेवी कम्प्लेक्स) हुँदै असनमा पुगेर सन्देश सभामा परिणत भएको थियो ।

ऱ्यालीमा 'नेकपा (क्रान्तिकारी माओवादी)- जिन्दावाद, बढ्दो महंगी- नियन्त्रण गर, हत्या, हिंसा, बलात्कारीलाई कारबाही गर, करवृद्धि खारेज गर, भूमाफियाहरूलाई कारबाही गर, सम्पदा मास्न पाइदैन- गुठी संस्थान चाहिदैन, कमलपोखरी मास्न पाइदैन- छायाँदेवी कम्प्लेक्स चाहिँदैन, विषादी फलफूल तरकारी खाइदैन- दलाल नेताहरू चाहिँदैन, सीमा अतिक्रमण- बन्द गर, भारतीय विस्तारवाद मूर्दावाद, कथित संविधान खारेज गर, जनताको चाहना- जनगणतन्त्रको स्थापना, नयाँ जनवादी क्रान्ति- जिन्दावाद, महान सहिदहरू- लालसलाम' लगायतका नाराहरू लगाइएका थिए ।

महानगरपालिका पश्चिम नगर कमिटीका इन्चार्ज बन्धुदेव पाण्डेको अध्यक्षतामा सम्पन्न सभाको सञ्चालन कमिटीका सचिव कर्ण विसीले गरेका थिए । सभालाई प्रमुख अतिथि सीपी गजुरेल, पार्टी पिविएम सुरेश श्रेष्ठ, पार्टी केस तथा ...बाँकी ७ पेजमा

## 'लोकतान्त्रिक अभ्यासको नाममा फासिवादी अभ्यास'



● टेक मास्की राना

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन बैद्य किरणले प्रधानमन्त्रीकेपी शर्मा ओलीले विदेशबाटै मन्त्रीपरिषदको बैठक सञ्चालन गर्नु उपयुक्त नभएको बताएका छन् । मुलुकमा गम्भिर परिस्थिति आइपरेको अवस्थामा मात्रै सत्ता साझेदार दल र विपक्षी दलहरूको सहमतिमा बिदेशबाटै मन्त्रीपरिषद् बैठक सञ्चालन गर्न सकिए पनि अहिले विदेशबाटै मन्त्रीपरिषद् बैठक सञ्चालन गर्नुपर्ने मुलुकमा त्यस्तो केहि गम्भिर परिस्थिति नभएकोले सो बैठक अनुपयुक्त भएको टिप्पणि गरे ।

क्रान्तिकारी पत्रकार महासंघ रूपन्देहीद्वारा शुक्रबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै महासचिव बैद्यले बर्तमान सरकारको विदेश नीति स्पष्ट नभएको बताए । अमेरीकाको इण्डोप्यासिफिक आयोजना र चीनको बिर आर आई आयोजना दुवैमा सहमति जनाएर बर्तमान सरकारले दोहोरो चरित्र देखाएको ...बाँकी ७ पेजमा

## 'युवाहरूले क्रान्तिमा अग्रणी भूमिका खेल्नुपर्छ'

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले पार्टी निकट क्रान्तिकारी युवा लिगको दोस्रो बैठकलाई सम्बोधन गर्दै युवाहरूले क्रान्तिमा अग्रणी भूमिका खेल्नुपर्ने विचार व्यक्त गर्नुभएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू असाध्यै विकराल अवस्थामा रहेको चर्चा गर्दै महासविच किरणले यी समस्या समाधान गर्नका लागि क्रान्तिको अपरिहार्यता बढेर गएको बताउनु भयो र भन्नु भयो, 'अब गरिने क्रान्तिमा क्रान्तिकारी युवाहरूले अग्रणी भूमिका खेल्नुपर्छ र त्यसका लागि सबै हिसाबले आफूलाई तयार पार्नुपर्छ ।'

पार्टीको सम्पन्न केन्द्रीय समितिले बनाएको संगठन र संघर्षको योजना कार्यान्वयनमा समेत युवाहरूको महत्वपूर्ण भूमिका रहने भन्दै महासचिव किरणले बेरोजगार युवाहरू र वैदेशिक रोजगारीमा गएका युवाहरूले भोग्नु परेका समस्याहरूलाई योजनाबद्ध रूपमा उठाउन समेत संगठनलाई निर्देशन दिनुभयो ।

यसैबीच, ११ साउनमा क्रान्तिकारी युवा लिगको सम्पन्न बैठकले संगठनको सदस्यता वितरणलाई ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादी र मसालको किसान संगठनले संयुक्त अन्तर्क्रिया कार्यक्रम गर्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) र नेकपा (मसाल) निकट अखिल नेपाल किसान महासंघले किसानहरूका जल्दाबल्दा विषयहरूका बारेमा संयुक्त रूपमा अन्तर्क्रिया कार्यक्रम गर्ने भएका छन् । भदौं १२ गते बसेको दुवै संगठनको संयुक्त बैठकले अन्तर्क्रिया कार्यक्रम गर्ने निर्णय गरेको हो ।

वर्तमान राजनैतिक अवस्थामा किसानका समस्या समाधानतिर अगाडि बढ्नुको सट्टा कृषि क्षेत्र झन् विकराल र संकटग्रस्त बन्दै गइरहेको भन्दै दुवै संगठनले भदौं २७ गते काठमाडौंको दरबारमार्ग स्थित हार्दिक होटलमा अन्तर्क्रिया कार्यक्रम गर्ने जनाएका छन् । दुवै संगठनले किसानका समस्या समाधानका लागि शक्तिशाली आन्दोलनको आवश्यकता रहेको ठहर गर्दै सबै राजनीतिक पार्टी र किसान संघ संगठनहरूबीच व्यापक छलफल तथा अन्तर्क्रिया कार्यक्रमलाई अगाडि बढाउने निर्णय गरेको संयुक्त रूपमा जारी वक्तव्यमा जनाइएको छ ।

वक्तव्यमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का अध्यक्ष सीताराम तामाङ र अखिल नेपाल किसान महासंका अध्यक्ष भैरव राज रेग्मीले संयुक्त रूपमा हस्ताक्षर गरेका छन् ।

## थरुहट आन्दोलन–वर्गीय कि जातीय ?

*जनयुद्ध पछि र २०६२/०६३को जनआन्दोलनबाट उदाएका थारू तथा अन्य जातिका नेताहरुलाई हेरेमा के स्पष्ट हुन्छ भने सबै पक्षका नेताहरु त व्यक्तिगत रुपमा आफ्नै लागि घर–जग्गा, सम्पत्ति, ठेक्कापट्टा, बैंक ब्यालेन्स, पारिवारिक सुखसुविधा, खानपान, रहनसहनजस्ता विषयको चिन्तामा फसेका छन् र त्यहीअनुकूलका व्यवहारमा लागेका छन् ।*



❑ हुकुमबहादुर सिंह ❑

नेपालको कूल जनसंख्याको आधारमा थारुहरूको बाहुल्यता भएका क्षेत्रहरू, खासगरी तराई-मधेसमा पर्ने क्षेत्रहरूमा थरुहट स्वायत्त प्रदेश स्थापना गरिनु पर्दछ भन्ने मागका साथ भरखरै नेपालका थारुहरूको प्रतिनिधित्वसहित थरुहट सम्मेलन सकिएको छ। र थरुहट स्वायत्त प्रदेश स्थापनाका लागि थरुहट आन्दोलन गर्ने उद्घोष सम्मेलनले गरेको छ। यसको साथै फेरि एक पटक थरुहट आन्दोलन- वर्गीय कि जातीय ? भन्ने प्रश्न उठेको छ। यसमा विगतमा जस्तै अहिले पनि नेपाली समाज विभाजित देखिएको छ।

तराई-मधेसमा जातीय हिसाबले थारुहरू नै एउटा उत्पीडित जाति रहँदै आएको छ । त्यसैले थारुहरूमाथि भए गरिएका सबैखालका उत्पीडनबाट मुक्ति थरुहट आन्दोलनको महत्वपूर्ण पक्ष हो र हुनु पर्छ- यो एउटा मार्क्सवादी दृष्टिकोण हो। मार्क्सवादी दृष्टिकोणअनुसार माथि उल्लेखित शीर्षकको प्रश्न- थरुहट आन्दोलन- वर्गीय कि जातीय ? भन्नेमा थारुको सन्दर्भमा त यो दुवै हो । वर्गीय पनि र जातीय पनि । थारुहरूको उत्पीडनबाट मुक्ति जातीय पनि हो र वर्गीय त हुँदै हो ?

अहिलको सम्मेलनले 'थरुहट प्रदेशका लागि संविधान संशोधन हुनुपर्छ' भनेको छ । सम्मेलनका बाँकी ७ पेजमा

## सम्पादकीय

# अभियानको अपेक्षा

देशमा दुईतिहाइको सरकार छ। अझ आफूलाई वाम तथा कम्युनिस्ट दावी गर्नेहरूको सरकार छ । तर करिब दुई वर्षको अवधि गुजार्दै गर्दा यो सरकारले आफ्नो फरक पहिचान दिन सकेन । विगतका बहुमतीय तथा नियमित सरकारभन्दा कुनै पनि कोणबाट यो सरकारले आफूलाई फरक देखाउन सकेन । देखाउन सक्ने पनि कुरै भएन । किनकि, पात्र, प्रवृत्ति, सोंच, विचार, चिन्तन, नीति, योजना र कार्यक्रमका हिसाबले विगतका सरकारभन्दा यो सरकार फरक थिएन । केवल उनीहरूले कम्युनिस्ट तथा वामको खोल मात्रै ओढेका थिए । तर उनीहरूको यो खोललाई तथा कम्युनिस्ट आवरणलाई जनताले भने साँचो अर्थमा लिए, नक्कलीहरूलाई नै सक्कली भनेर जनताले भोट दिए । सक्कली कम्युनिस्ट सरकारसँग अपेक्षा गरेजस्तो जनताले अपेक्षा गरे । तर जनताको अपेक्षा पूरा हुने र गर्ने कुनै आधार थिएन । फलतः करिब दुई वर्षको अवधिमा ओली सरकारले नक्कली कम्युनिस्ट, नक्कली वाम भएको पुष्टि गऱ्यो । यति मात्र होइन, यसबीचमा ओली नेतृत्वको सरकारको भनाइ र गराइबीचको अन्तरविरोध, जनविरोधी र राष्ट्रविरोधी निर्णय र गतिविधिले विगतका सरकारहरूलाई समेत माथ ख्वाएको छ र नेकपा (क्रान्तिकारी माओवादी)का नेताहरूले भनेजस्तै यो सरकार केवल सामन्त, दलाल तथा नोकरशाही पुँजीपतिवर्गको मात्र रक्षाकवच बन्न पुगेको छ र उसले त्यही वर्गको मात्र हितरक्षामा काम गरिरहेको छ । अझ भनौं यो सरकारले दलाल र माफियाहरूलाई मालामाल, श्रमजीवि शोषित उत्पीडित वर्ग र समुदायलाई कंगाल बनाइरहेको छ । र, दशवर्षको जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेश तथा जनजाति आन्दोलनको बलमा स्थापित लोकतान्त्रिक गणतन्त्रको नाममा फासिवादी अभ्यास गरिरहेको छ । यही गणतन्त्र स्थापित गराउन त्याग, तपस्या र बलिदानका ऐतिहासिक र गौरवशाली इतिहास कायम गर्ने जनसमुदाय, नेता कार्यकर्ता, सहिद, वेपत्ता योद्धा परिवारलगायत सिंगो उत्पीडित, उपेक्षित तथा अपहेलित समुदायमाथि बर्बर दमन लाद्न यो सरकार उद्दत रहेको छ । अहिलेसम्मको स्थितिलाई हेर्ने हो भने संस्थागत रूपमा मौलाउँदो भ्रष्टाचार, कमिसनको चलखेल, तस्करी, माफिया, हत्या, हिंसा, बलात्कारी, महंगी, करवृद्धि तथा जनप्रतिनिधिहरूको स्वेच्छाचारिताले यो लोकतान्त्रिक गणतन्त्र अब जनताको हुन सकेन र रहेन । अब जनताको गणतन्त्र अर्थात् जनगणतन्त्रका लागि अर्को एउटा संघर्ष, आन्दोलनको अपरिहार्यता निर्विकल्प रूपमा बढेर गएको छ ।

यस परिस्थितिगत पृष्ठभूमिमा वर्तमान संविधान, सत्ता र व्यवस्थाका विरुद्ध विद्रोह गर्दै नेपालमा नयाँ जनवादी क्रान्तिमार्फत् जनताको गणतन्त्र स्थापित गर्ने घोषित लक्ष्यसहित क्रान्तिको तयारी गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्नो पार्टीको पछिल्लो निर्णय अनुसार अहिले देशव्यापी अभियान सञ्चालन गरिरहेको छ । यस अभियानमार्फत् क्रान्तिकारी माओवादीले विचार, राजनीति, संगठन र संघर्षको क्षेत्रमा आफूलाई सुदृढ पार्ने र क्रान्तिका लागि वस्तुगत आवश्यकता अनुसार आफ्नो आत्मगत अवस्थालाई बलियो बनाउने लक्ष्य राखेको छ । र, सत्ता र शक्तिको दुरूपयोग गरी क्रान्ति र परिवर्तनका विरुद्धमा जनतामा छरिएको भ्रम चिर्दै जनता, सहिद तथा वेपत्ता योद्धा परिवारहरू, दशवर्षको जनयुद्ध तथा क्रान्तिले सेटब्याक खाएपछि निस्क्रिय बनेका नेता, कार्यकर्ताहरूसँग भेटभाट अन्तर्क्रिया, स्थानीय तहका भ्रष्टाचारी तथा जनविरोधी तत्वहरूको लगत संकलन, उनीहरूमाथिको मास कारबाही लगायतका कार्यक्रमहरू लिएर जनताको घरदैलोमा पुग्ने जुन लक्ष्यका साथ क्रान्तिकारी माओवादीले अभियान सञ्चालन गरिरहेको छ, यो सह्रानीय छ । आमूल परिवर्तनका पक्षधर जनताको लागि यो अभियानले एउटा आशा र उर्जाको सञ्चार गर्नेछ र क्रान्तिकारी माओवादीले भनेझैं यो अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकिएको अवस्थामा यसले जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षको बलियो आधार निर्माण गर्नेछ । प्रतिक्रियावादीकरण भइसकेको वर्तमान सरकारको तीनै तहमा समानान्तर रूपमा संगठन र संघर्षको आधारसहित उपस्थिति देखाउने गरी आफूलाई सुदृढ तुल्याउन जरुरी छ ।

## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

सम्पर्क नाम र फोन नम्बर
व्यवस्थापक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# क्रान्तिकारी किसान महासंघका गतिविधि र भावी कार्यक्रमबारे



● धनेश्वर पोखे्रल ●

*सबै जातिभित्रका वर्गीय रूपले उत्पीडितहरूको एकता अनिवार्य छ । जसका लागि थारूलगायत अन्य जातिभित्र वर्गीय एकताका लागि मार्क्सवादी सैद्धान्तिक चेतनाको अभिवृद्धि अनिवार्य छ । जसका लागि थरूहट सम्मेलनले निर्कोल गरेको 'थारूहरूको पहिचान मेटाउने गरी ल्याइएको संविधानका कतिपय बुँदाहरू संशोधनका लागि दवाव दिएर मात्रै सम्भव छैन र झन थारू आन्दोलनका अगुवाहरूमध्ये केहीको भनाइ छ- 'कुनै पनि राजनीतिक दलको मोहरा नबन्न सुझाव दिएका छन् ।' बर्दीयाका मोहन चौधरी भन्छन्- 'नेतृत्व कर्ताले कुनै पनि दलको झोले कार्यकर्ता बन्नु उचित छैन*

प्रारम्भः- नेपालमा किसान आन्दोलनले २००७ देखि २०७६ सम्म आउँदा ६९ वर्ष पार गरिसकेको छ । नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएलगत्तै त्यसको अर्को वर्ष अखिल नेपाल किसान संघ स्थापना गरिएको हो। नेपालको भु-राजनैतिक अवस्था अहिले अर्धसामन्ती, अर्ध तथा नव औपनिवेशिक प्रकारको छ। उक्त दुबै प्रकारको अवस्थाले नेपालमा उत्पीडित जात, वर्ग, क्षेत्र तथा लिङ्गमाथि युगौं युगदेखि विभिन्न प्रकारका उत्पीडनहरू थुपार्दै नेपाली जनतामाथि शासन गर्दै आएको त छ नै त्यसमा पनि अझ खास गरेर उनिहरूको त्यो उत्पीडन किसान वर्गमाथि जब्बर छ । नेपाल कृषिप्रधान देश हुनुको नाताले राज्यको अर्थात् कुनै पनि सरकारको ध्यान कृषि क्षेत्रमा जानुपर्ने हो । मतलब कृषि उत्पादन र व्यवस्थापनको विषयलाइ पहिलो प्राथमिकतामा राखेर राष्ट्रको बजेट विनियोजन गर्नेदेखि लिएर कृषि कार्यमा संलग्न अर्थात् कृषिमा आधारित जनशक्तिलाई सम्पूर्ण सुविधा दिएर उत्साहित र प्रोत्साहित गर्नु पर्ने हो । देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषि उत्पादनलाइ मुख्य श्रोतको रूपमा लिएर राज्यले त्यसको निमित्त वैज्ञानिक र वस्तुवादी योजना बनाई आधुनिक विज्ञान र प्रविधिको भरपुर उपयोग गरि परम्परागत सामन्ती टुक्रे उत्पादन प्रणालीको अन्त्य गरि नयाँ आधुनिक प्रकारको सामूहिक उत्पादन प्रणालीको निमित्त मुलुकको उत्पादक शक्तिलाई त्यहाँ केन्द्रीत गर्नु पर्ने हो। वेरोजगारीको समस्याले विदेशिएको लाखौंको सङ्ख्यामा रहेको जनशक्तिलाई नेपालमै रोजगारीको व्यवस्था मिलाएर देशलाइ आर्थिक सम्पन्नतातिर लैजानु पर्ने हो। अर्थात् जनताको क्रयशक्ति वृद्धिगरि आत्मनिर्भर बनाउनु पर्ने हो ।

तर विडम्वना ! मुलुकको राज्यसत्ता त्यसको ठिक उल्टो दिशाबाट अगाडि बडि रहेको छ। त्यसको ज्वलन्त उदाहरण कृषि क्षेत्र प्रतिको उदासिनता किसानहरूमाथिको उत्पीडन, अवहेलना र दमनका घटनाहरूले अनि पक्षपातपूर्ण व्यवहारले कृषिक्षेत्र धराशायी त बन्यो नै, त्यतिमात्र नभएर राज्यको सिङ्गो अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नुका साथै परनिर्भर मुखी अर्थात् विप्रेषण (रेमिट्यान्स्) मुखी अर्थतन्त्रको विकास गऱ्यो । यो स्वाधिन, स्वतन्त्र र सार्वभौम राष्ट्रको निमित्त लज्जास्पद अवस्था हो ।

यसको विरुद्ध अखिल नेपाल किसान सङ्घले आफ्नो स्थापना कालदेखि निरन्तर सङ्घर्ष गर्दै आएको छ। त्यसको सुरुवात २००८मा सुदूरपश्चिम जिल्लाको कञ्चनपुरमा भिमदत्त पन्तको नेतृत्वमा पहिलो किसान आन्दोलन भएको थियो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवाललाइ घनीभूतरूपमा उठाउँदै सामन्तवाद, विस्तारवाद, साम्राज्यवाद र सबै खाले प्रतिक्रियावादका विरुद्धको सङ्घर्ष नै किसान मुक्तिको सङ्घर्ष हो । सामन्ती उत्पादन सम्बन्ध र दलाल भूमाफियामुखी प्रवृतिलाइ समाप्त गरेर त्यो स्थानमा मिहेनतकस , उत्पीडित किसान र मजदुरको स्वामित्व कायम गरि किसानमाथि भइरहेको सम्पूर्ण उत्पीडनबाट किसान समूदायलाइ मुक्त गर्नु कृषि क्रान्तिको आधारभूत उद्देश्य हो । अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) मालेमावादको पथ-प्रदर्शक सिद्धान्तलाइ आत्मसात् गरि तमामखाले चुनौतीहरूसंग दृढताका साथ मुकाविला गर्दै किसान आन्दोलनलाइ वर्गसङ्घर्षको आन्दोलनसङ्ग जोडेर नेपालमा कृषिक्रान्ति अर्थात् नयाँ जनवादीक्रान्ति सम्पन्न गर्न क्रियाशील रहँदै आएको छ ।

२. महासङ्घका गतिविधिहरूः– अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) को गत २०७५ फागुनमा अखिल नेपाल किसान संघ (क्रान्तिकारी) महासंघमा पुनर्गठन भइसके पश्चात् महासंघिय संरचनामा आफ्नो भूमिका निभाउँदै आएको छ । त्यो भन्दा अघि पनि संघकै संरचनामा किसान आन्दोलनमा महत्वपूर्ण भूमिका निभाउँदै आएको थियो । ततपश्चात् विभिन्न कृषि पेसामा संलग्न किसानहरूका समस्यालाइ संघको संरचनाले मात्र संवोधन गर्न र समस्याहरू समाधान गर्न नसकिने भएको र किसान आन्दोलनलाइ अझ सशक्त बनाएर लैजानु पर्ने भएकोले महासंघ बनाएर विभिन्न घटकमा विशिष्टिकरण गरिएको जानकारी गराउँछौं ।

महासंघको गठन पश्चात् हामीले कुनै त्यस्तो उल्लेखनीय काम पनि गर्न सकेका छैनौं तर चुप लागेर पनि बसेका छैनौं । यो अवधिमा हामीले मुख्यतः २/३ ओटा काममा जोड दियौं । पहिलो– सङ्गठन निर्माण, दोश्रो- कार्यालयको व्यवस्थापन र तेश्रो– सापेक्षिक रूपमा आन्दोलनको तयारी । यस अन्तर्गत हाम्रा गतिविधिहरू यसप्रकार रहेः-

२–१ वैचारिक, राजनैतिक तथा साङ्गठनिक कामः–

प्रदेश नं ३, ५ र सुदूर पश्चिम प्रदेशमा प्रदेश स्तरिय भेला र समिति गठन गरिएको छ। जसअनुसार ३ नं प्रदेशमा थलप्रसाद देवकोटाको नेतृत्वमा १५ सदस्यीय प्रदेश समिति, ५ नं प्रदेशमा खड्गबाहादुर मल्लको नेतृत्वमा १९ सदस्यीय समिति र सुदूरपश्चिम प्रदेशमा टङ्क कोइरालको नेतृत्वमा ५ सदस्यीय समिति गठन भएका छन् ।

बाँके, वर्दिया, डडेलधुरा, चितवनलगायतका जिल्लामा समिति बनेका छन् र तिनलाइ आधारभूत प्रशिक्षण र जिम्मेवारी समेत दिइएको छ ।

केन्द्रीय स्तरमा सचिवालय गठन गरि एकपटक बैठकसमेत सम्पन्न भएको छ ।

महासङ्घको सदस्यता वितरण गर्ने कार्यको थालनी गरिएको छ ।

कार्यालयबाट विधान/प्रतिवेदन तथा सदस्यता र सहयोग रसिद छपाइ वितरण गरिएको छ ।

२–२ सङ्घर्ष सम्बन्धी कामः- *...बाँकी ७ पेजमा*

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# ह्याप्पी दर डे एण्ड तीज डे

आज तीजको दर खाने दिन । भोली तीज मनाउने दिन । आज जुकरवर्गे भित्तामा ह्याप्पी दर डे, ह्याप्पी तीज डे भनेर शुभकामना आदान पर्दान भइरहेका छन् । हरेक आधाआकासका मोविलहर्का मेसेज बाक्सामा ह्याप्पी दर डे, ह्याप्पी तीज डे भनेर दाजुभाई, साथीभाईदेखि आफन्त र ब्वाइफेरेण्डसम्मले मेसेज पठाएका छन् । मुलुकै दर डे र तीज डेका रङ्गीन कार्यक्रमले रङ्गीएको छ । बजार फेसन फेसनका टालाटुलीले भरिएका छन् । ब्युटीपार्लरहरू खाप्चो रङ्गाउन र कपालमा कला भरेर तरह तरहका चुल्ठा बनाउन व्यस्त छन् । बुटिक पसल, लेडिज टेलरहरू सबै आधा आकासका फेसन तयार गर्न माहामारी छ । सुन पसलमा ठेलमठेलका भिड लागेका छन् । आइटम आइटमका गहना बनाउने होडबाजी चलेको छ । कस्ले कति धेरै लगाउने भनेर म्याराथन दौड चलेको छ । देश पुरै आधाआकासमय भएको छ । आधाआकास जातिका मन्तरी र मान्नेहर्लाई दर खाने कार्यक्रममा भासन गर्न भ्याई नभ्याई भएको छ ।

समृद्ध सरखार भएकोले होला दर खाने परम्परामा पनि परिवर्तन आएको छ । र दरे कार्यक्रम पनि समृद्ध हुँदै गएका छन् । यो सरखारको नारा नै समृद्ध नेपाल बनाउने भएकाले दरे कार्यक्रममा पनि समृद्धि आएको हो । त्यसैले पैला पैला चेलीबेटीहरू आआफ्ना माइतीमा गएर एक दिन मात्रै दर खाने कार्यक्रमहरू खारेज हुँदै गएका छन् । त्यसको सट्टामा ठूलूला तारे होटेलहरू, पाटीप्यालेसहरू, क्याटरिङ हाउसहरू, क्लबहरू, पर्तिस्ठान र सभाहलहरूमा बडे बडे प्रकारका दरे प्रोग्रामहरूले भरिभराउ भएका छन् । दर खाँदा खाने भोजनादिमा पनि समृद्धि आएको छ । राता, पहेँला काला, निला सोमरसहरूले दरलाई दरो बनाउँदै गएका छन् । त्यो पनि एक दिन मात्रै नभएर महिना दिनसम्म दरे प्रोग्रामले कब्जा जमाउँदै गएको छ । क्लबहरू, एनजिओ आइएनजिओहरू, सरखारीदेखि प्राइभेट कार्यालयहरू, उद्योगधन्दाहरू, राजनीतिक पाटीहरू, पाटीका पनि विभिन्न जबस नाउँका सन्तानहरूले दरका कार्यक्रम गर्दा महिना दिनसम्म दरे प्रोग्राम हुनु पनि स्वाभाविकै हो ।

विशेष गरेर गनतन्तर आएदेखि दर खाने प्रोग्राम महिना दिनसम्म हुँदै आएको छ । कसैकसैले महिनौं दिनदेखि दर खाने चलनले विकृति बढ्यो भनेर विरोध पनि गरेका छन् । यसरी विरोध गर्नेहरू दर खान नपाएकाहरू हुन् । समृद्धिवाला सरखार भएकाबेला दर खाने चलनमा पनि समृद्धि त ल्याउनै पऱ्यो नि भन्दै आधाआकासेहर्ले विरोध गर्नेहरू प्रति आपत्ती जनाए । त्यसैले उनीहरूले जजस्ले दरखाने कुराको विरोध गर्छन् उनीहरूलाई खबरदारी दिन भन्दै जुलुस निकाल्ने निर्ने गरे । आफ्नै वर्गका राष्टका पति भएको वेला दरे कार्यक्रमा अझ बढी समृद्ध बनाउनु पर्ने भन्दै आधा आकस सडकमा उत्रिए । आधा आकाश भएकाले उनीहरूको शरीर पनि आधा मात्रै ढाकिएको थियो । त्यो पनि पूर्वीय मोडलको नभएर पश्चिमी मोडलको फेसनले । अमेरिका, युरोप र हङकङतिरको मोडलको कपडाले सजिसजाऊ थियो आधा आकाश । एक प्रकारले त्यो जुलुस फेसन शो पनि थियो । कपडा पनि अचेल समृद्ध भएर पारदर्शी प्रकारका आएका छन् । त्यसैले आधा आकाशले लगाएका आधा कपडा पनि मच्छदानीबाट बनाइएको थियो । हातहातमा प्ले कार्ड बोकेका आधा आकाशले जोडजोडले नारा घन्काई रहेका थिए-

*'सरकारी कार्यालयमा दर खाने बजेट हुनै पर्छ - हुनै पर्छ।*
*दरमा ककटेलको व्यवस्था हुनै पर्छ - हुनै पर्छ ।*
*डान्सबारको व्यवस्था पनि हुनै पर्छ - हुनै पर्छ ।*
*दर अवधिमा रत्यौली खेल्न पाउनै पर्छ - पाउनै पर्छ।*
*क्यासिनोमा जान पाउनै पर्छ - पाउनै पर्छ ।*
*टोलटोलमा भट्टीको व्यवस्था हुनै पर्छ - हुनै पर्छ ।*
*एक महिने दरखाने विदा पाउनै पर्छ - पाउनै पर्छ ।*
*झिलिमिली गहना लाउनै पर्छ - लाउनै पर्छ ।*
*दर मन्त्रालयको व्यवस्था हुनै पर्छ - हुनै पर्छ ।*
*दर मन्त्रीको व्यवस्था पनि हुनै पर्छ - हुनै पर्छ ।*
*दरखाने दिन कस्को ? आधा आकाशको - आधा आकाशको ।'*

टुँडिखेलबाट निस्किएको जुलुस असन, भोटाहिटी, न्युरोड, पुतलीसडक, बागबजार, दरबारमार्ग, ठमेल, लैनचौर, बाल्वाटार हुँदै महाराजगञ्जको सिङ्गो आकाशका आधापति निवासमा गएर विश्राम लियो । त्यहाँ सिङ्गो आकाशका आधापतिले दरभोजको व्यवस्था गरेको हुनाले जुलुसमा सहभागी सबै आधा आकाश दरभोजमा सहभागी भए । उक्त दरभोजको समाचार सङ्कलन गर्ने पत्रकारहरू पनि आधा आकाश लिङ्गीहरूलाई मात्र प्रवेशाज्ञा दिइएको थियो ।

दरभोजमा राता, पँहेला, काला, निला र हरिया बोतलको व्यवस्था पनि थियो । बानी नपरेका र अलि प्रौढ आधा आकाशका लागि मार्फाली मिक्चरहर्को व्यवस्था थियो । जस्ले जति सक्छ त्यति धोक्ने प्रतिष्पर्धा चल्यो । आजको दिन आधा आकाशलाई मापसेमा छुटका लागि सरकारको पुलिस मन्त्रालयबाट ट्राफिक हेडक्वार्टरमा निर्देशन गइसकेको थियो । आधापति निवासमा डिनर भोजको दर दरिलै भयो । दर खाँदाखाँदै आधापतिसँग आधा आकाशका माउते नेताहरूले संविधानमा लेख्नु पर्ने भन्दै आफ्ना माग प्रस्तुत गरे । माग यसप्रकार थिए ।

*दर मन्त्रालयको व्यवस्था हुनुपर्ने,*
*एक महिनासम्म दरखाने विदा पाउनु पर्ने,*
*हरेक सरकारी कार्यालयहरूमा दरबजेट छुट्टाइनु पर्ने,*
*दरको अवधिभर रत्यौली खेल्ने व्यवस्था हुनु पर्ने,*

श्रीमान् विदेश गएकाहरूका हरेक आधा आकाशलाई सहरमा बसोवासको व्यवस्था गरिनु पर्ने, तिनका बालबच्चाहरूलाई राज्यले बालआश्रम खोलेर रेखदेख गरिदिनु पर्ने र उनीहरूलाई लाली, पाउडर, क्रिमलगायत सृङ्गारका सामान र गहनाहरूमा विशेष छुटको व्यवस्था गरिनु पर्ने,

रेमिट्यान्समा सुन पनि ल्याउन पाउनु पर्ने,

दरखाने दल खोल्न पाउनु पर्ने र उनीहरूलाई चुनावमा पूर्ण समानुपातिक अधिकार दिइनु पर्ने आदि मागहरू संविधानमा स्पष्ट लेखिनु पर्ने रहेका छन् । यदि संसदबाट विधेयक मार्फत् आफ्ना मागको सुनुवाई नभएमा संविधानको संरक्षक खुद आधा आकाश भएकाले सम्माननीय आधापतिले नै यी मागहरूलाई संविधानको कितावमा टाँसेर भएपनि कानून बनाई लागू गर्न निर्देशन दिनुपर्ने प्रस्ताव पेश गरियो । आधापतिबाट आफू पनि आधा आकाशकै पात्र भएकाले आधा आकाशको पीरमर्का र मर्म बुझेको भन्दै यी मागहरू तत्क्षण पूरा हुने हुकुम बक्स भयो । त्यसपछि सबैले आधापति महोदयसँग सेल्फी हान्ने प्रोग्राम चल्यो । सबैले ह्याप्पी दर डे एण्ड ह्याप्पी तीज डे भन्दै सोमरसका बोतल खोले हुर्रे हुर्रे गर्दै सेल्फी हाने ।

*१५ भदौ २०७६*

# राजनीतिक अर्थशास्त्रबारे

*१. सामान्य परिचय*

राजनीतिक अर्थशास्त्र एउटा व्यापक विषय हो । यो मालको उत्पादन, त्यसको व्यापार, व्यापारसँग सम्बद्ध सरकारी कानुन र राष्ट्रिय आम्दानीको वितरणको समग्र प्रक्रियासँग सम्बन्धित हुन्छ ।

एङ्गेल्सले मानिसलाई जनावरबाट फरक गराउने चिज श्रम हो भन्नु भएको छ । समाज विकासको क्रममा मानिस आफैले तयार पारेका औजार र आफ्नो श्रमसहित उत्पादन प्रक्रियामा जोडियो । उत्पादनको त्यो प्रक्रिया स्वामित्व र वितरणको एउटा सम्बन्धसहित अगाडि आयो । त्यही सम्बन्धलाई उत्पादन सम्बन्ध भनिन्छ । मार्क्सवादी राजनीतिक अर्थशास्त्रको विषय यही उत्पादन सम्बन्ध हो ।

मानव समाज श्रम प्रक्रियासँग जोडिएपछि ५ प्रकारका उत्पादन सम्बन्ध हुँदै अगाडि बढेको छ र त्यो प्रक्रियामा समाजका स्वरूप पनि बदलिएका छन् । ती हुन् : आदिम साम्यवादी समाज, दाश-मालिक समाज, सामन्ती समाज, पुँजीवादी समाज र साम्यवादी समाज ।

विभिन्न सामाजिक प्रणालीको विकास प्रक्रिया र तीसँग सम्बन्धित उत्पादन सम्बन्ध बारे यहाँ छलफल गरिएको छैन । यो विषय यही हाते पुस्तकको पहिलो खण्डको ऐतिहासिक भौतिकवाद शीर्षक अन्तर्गत् सामज विकासको ऐतिहासिक प्रक्रिया नामको उपशीर्षकमा समेटिएको छ । यहाँ पुँजीवादी उत्पादन सम्बन्ध मार्फत् पुँजीपतिले श्रमिक वर्गबाट कसरी अतिरक्ति मूल्य दोहन गर्दछ भन्ने बारे मात्र सङ्क्षिप्त अध्ययन गरिने छ ।

त्यो मूल विषयमा प्रवेश गर्नु भन्दा पहिले अर्थशास्त्रसँग सम्बन्धित निम्नानुसार केही पारिभाषिक पदावली माथि छलफल गरिएको छ ।

*क) मूल्यको श्रम सिद्धान्त*

मूल्यको श्रम सिद्धान्त भनेको मूल्यको त्यस्तो सिद्धान्त हो जसले कुनै पनि वस्तु वा सेवाको आर्थिक मूल्य त्यसलाई उत्पादन गर्न आवश्यक पर्ने सामाजिक श्रमको कूल योगफलद्वारा निर्धारित हुन्छ भन्ने मान्दछ । यसको अर्थ कुनै पनि वस्तुको मूल्य भनेको त्यस वस्तुलाई उत्पादन गर्न आवश्यक पर्ने सम्पूर्ण श्रमको मूल्य हो । यो अवधारणा सबैभन्दा पहिला बेलायती अर्थशास्त्री आदम स्मिथले अगाडि सारेका हुन् ।

प्रकृतिमा यस्ता वस्तुहरू पनि पाइन्छन्, जुन अमूल्य छन् तर तीनलाई उत्पादन गर्न कुनै प्रकारको श्रमको आवश्यकता नै पर्दैन । ती वस्तु बिनामूल्य पाइन्छन् जस्तो हावा, पानी आदि । यस्ता प्रकृति प्रदत्त वस्तुमा मूल्यको श्रम सिद्धान्त लागु हुँदैन ।

*ख) माल*

मानिसको दैनिक आवश्यकतालाई पूर्ति गर्न श्रमद्वारा उत्पादन गरी बजारमा विक्रिका लागि राखिएको वस्तुलाई माल भनिन्छ ।

*ग) मूल्य*

मालका विभिन्न मूल्यहरू हुन्छन् । ती निम्नानुसार छन् :

*१) उपयोग मूल्य (**Use value**)*

उपयोगी वस्तुको उपयोग मूल्य हुन्छ । कुनै वस्तु उपयोगी छैन भने त्यसलाई निर्माण गर्न जतिसुकै खर्च गरे पनि त्यसको कुनै उपयोग मूल्य हुदैन । उपयोग मूल्य नभएका वस्तुहरू बजारमा किनबेच हुँदैनन् । सामान्यतः जुन वस्तुको उपयोगिता बढी हुन्छ त्यसको मूल्य बढी हुन्छ ।

*२) विनिमय मूल्य (**Exchange value**)*

समाजमा कुनै एउटा वस्तु अर्को वस्तुसँग विनिमय गर्न सकिने हुन्छ । वस्तुको यस्तो विशेषता हुनु भनेको त्यसको विनिमय मूल्य हुनु हो । उदाहरणको लागि, मानौं एउटा किसानले १ केजी खसीको मासु दिएर ५ लिटर तोरीको तेल साटेको छ । यहाँ १ केजी खसीको मासुको विनिमय मूल्य ५ लिटर तेल अथवा ५ लिटर तेलको विनिमय मूल्य १ केजी खसीको मासु बराबर छ । यसबाट १ केजी खसीको मासु र ५ लिटर तोरीको तेल उत्पादन गर्न लाग्ने श्रम बराबर छ भन्ने बुझ्नु पर्दछ ।

*३) बजार मूल्य (**Market value**)*

मालहरू बजारमा किनबेच हुन्छन् । सम्बन्धित मालको माग र आपूर्तिका आधारमा वजारमा त्यसको मूल्य घटबढ हुने गर्दछ । खास समयमा बजारमा कुनै वस्तुले प्राप्त गर्ने मूल्य नै त्यस वस्तुको बजार मूल्य हो । सामान्यतः बजारमा मालको आपुर्ति कम भए त्यस मालको बजार मूल्य बढी हुन्छ र मालको आपूर्ति बढी भए बजार मूल्य पनि कम हुन्छ । त्यसरी नै, बजारमा मालको माग कम भए त्यसको मूल्य कम हुन्छ र माग बढी भए मूल्य पनि बढी नै हुन्छ । सामान्यतः वस्तुको बजार मूल्यलाई त्यस वस्तुको मोल (एचष्अभ) भन्ने गरिन्छ ।

*घ) सम्पत्ति*

कुनै व्यक्ति, समुदाय वा कम्पनीको स्वामित्वमा रहेको सम्पूर्ण स्रोत साधन तथा सामाग्रीको मूल्य उसको सम्पत्ति मापनको आधार हुन्छ । सम्पूर्ण सामाग्रीको बजार मूल्यको योगफलबाट सबै ऋण घटाए पछि बाँकी रहेको रकम उसको सम्पत्ति हो । सारमा, सम्पत्ति भनेको साधन तथा स्रोतहरूको संचय पनि हो । जुन मानिस वा संस्थाले धेरै स्रोत र साधन जम्मा गरेको हुन्छ, उसको सम्पत्ति धेरै हुन्छ, । उसलाई धनी अर्थात् सम्पत्तिवान् भनिन्छ ।

*ङ) मुद्रा*

मालको उत्पादन र विनिमयको प्रक्रियामा मुद्रा (पैसा)को उत्पत्ति भएको हो । छोटोमा भन्नु पर्दा मुद्रा भनेको एक, मुल्यको ईकाई हो दुई, विनिमयको माध्यम हो तीन, भुक्तानीको मापदण्ड हो चार, मूल्यको भण्डारण हो र पाँच, सार्वभौमिक मुद्रा हो । यी मध्ये, पैसाको मुख्य काम भनेको मूल्यको इकाइ र विनिमयको माध्यम हो ।

*२. अर्थतन्त्र*

अर्थतन्त्र भनेको सङ्गठन तथा संस्थानहरूको एउटा यस्तो प्रणाली हो जसले समाजका सदस्यहरूको बीचमा श्रोत-साधनको उत्पादन र उत्पादित वस्तुको वितरणलाई व्यवस्थित गर्दछ । अर्को शव्दमा, यो उत्पादक, वितरक र वस्तु तथा सेवाका उपभोक्ताको स्थानीय, क्षेत्रीय वा राष्ट्रिय समुदायका बीचमा निर्मित हुने एउटा बृहद सञ्जाल हो ।



● इन्द्रमोहन सिग्देल ●

***मार्क्सले पुँजीवादी अर्थशास्त्रमा गरेको यो अनुसन्धान मानव इतिहासकै एउटा अद्वितीय उपलब्धि हो । आजसम्म कुनै पनि अर्थशास्त्रीले यसको तथ्यसंगत खण्डन गर्न सकेको छैन । अतिरिक्त मूल्यबाट प्राप्त आम्दानी पुँजीपतिको कुल पुँजीमा थपिंदै जाने, पुँजीपति झन-झन धनी बन्दै जाने र परिणामतः पुँजी तथा श्रमका बीचको अन्तरविरोध चर्किंदै जाने हुनाले त्यसको समाधानका लागि समाजवादी क्रान्ति अनिवार्य हुन्छ । मार्क्सले निकालेको एउटा निष्कर्ष यो हो***



अर्थतन्त्र सामान्यत दुई प्रकारको हुन्छ ।

*क) पुँजीवादी अर्थतन्त्र*

पुँजीवादी अर्थतन्त्र त्यस्तो अर्थतन्त्र हो जुन उत्पादनका साधनहरूमा निजी स्वामित्व रहन्छ र मालको उत्पादन नाफालाई केन्द्रमा राखेर गरिन्छ । यसमा मुद्रा (***Money***) र माल (***Commodity***) को चक्र ***M-C-M'*** हुन्छ । नाफा नहुने देखियो भने कुनै पनि लगानीकर्ताले त्यस्तो वस्तुको उत्पादनमा आर्थिक लगानी नै गर्दैन । यसरी, पुँजीवादी प्रणालीमा मालको उत्पादन सामाजिक आवश्यकताका कारणले होइन नाफा कमाउने उद्देश्यले गरिन्छ । स्वभावतः यसले उत्पादनमा अराजकता ल्याउँछ । अर्कोतिर, पुँजीपतिहरूले उत्पादनका साधनलाई र श्रमिकहरूले सामूहिक तरिकाले गरेको उत्पादनलाई आफ्नो कब्जामा लिन्छन् । फलतः श्रमिकहरू शोषित हुन्छन् । उत्पादनमा हुने अराजकताले अति उत्पादनको स्थिति पैदा हुन जान्छ र यसले पुँजीवादी अर्थतन्त्रमा बारम्बार आर्थिक सङ्कट सिर्जना गरिरहन्छ ।

*ख) समाजवादी अर्थतन्त्र*

समाजवादी अर्थतन्त्रमा मुद्रा र मालको चक्र ***C-M-C*** हुन्छ । यसको अर्थ जनताका भौतिक आवश्यकता पुरा गर्ने उद्देश्यले समाजमा मालको उत्पादन गरिन्छ, जसमा मुद्राले मध्यस्थकर्ताको भूमिका खेल्दछ । समाजवादी अर्थतन्त्र तात्कालिन आवश्यकताको आधारमा निर्माण गरिने योजनाबद्ध अर्थतन्त्र हो । त्यसकारण समाजवादी अर्थतन्त्रमा अति उत्पादन र आर्थिक सङ्कटको कुनै गुन्जायस नै हुँदैन ।

*३. पुँजीवादी शोषण*

पुँजी सम्पत्तिको त्यो हिस्सा हो जसले कसैको आर्थिक क्षमता बृद्धि गर्ने कामलाई बढावा दिन्छ । अर्को शव्दमा पुँजी सम्पत्तिको त्यो हिस्सा हो जसलाई कुनै व्यक्तिले माल उत्पादन गर्न प्रयोग गर्दा त्यसबाट उसले नाफा आर्जन गर्छ । यसरी हेर्दा, कुनै उद्योगपतिको स्वामित्वमा रहेको कारखाना भवन उसको पुँजी हो तर उ बस्ने घर पुँजी होइन, सम्पत्ति हो । मार्क्सका अनुसार पुँजी दुई प्रकारका हुन्छन् । ती हुन् : स्थिर पुँजी र अस्थिर पुँजी ।

पुँजीपतिले उद्योगमा आर्थिक लगानी गरेर मालको उत्पादन गर्दछ । माल विक्री गरे पछि पुँजीपतिले कुल फाईदाको सानो हिस्सा मात्र मजदुरहरूलाई ज्यालाका रूपमा दिने गर्दछ । यहीनेर मजदूरको शोषण हुन्छ । यो नै पुँजीवादी आर्थिक प्रणालीको सार हो ।

*१) स्थिर पुँजी*

स्थिर पुँजी भनेको उत्पादनसँग जोडिएका सबै वस्तुहरूको मूल्यको कुल योगफल हो । जस्तो, कारखानाका भवनहरूको मूल्य, मेसिन तथा त्यसका सहायक उपकरणहरूको मूल्य र कच्चा पदार्थको मूल्य आदि ।

*२) अस्थिर पुँजी*

अस्थिर पुँजी भनेको वस्तु उत्पादन गर्न आवश्यक पर्ने लगानीको मात्रा हो । अर्थात् यो श्रमशक्ति किन्न मजदुरलाई दिईने ज्याला हो । यो मालको नयाँ मूल्य निर्माण गर्न प्रयोग हुने पुँजी भएको हुनाले यसलाई मार्क्सले अस्थिर पुँजी भन्नु भएको हो ।

*३) अतिरिक्त मूल्य*

पुँजीवादी बजारमा, वस्तुको नयाँ मुल्य पुँजीपतिले त्यो माल उत्पादन गर्दा प्रयोग गरेका सबै उत्पादनका साधनहरूको मूल्य र श्रमिकलाई तिरेको ज्यालाको एकमुष्ट योगफल भन्दा बढी हुन्छ । जतिले बढी हुन्छ त्यसलाई उसले नाफा भन्छ । त्यो नाफा मजदुरको श्रमबाट नै पैदा हुन्छ तर पुँजीपतिले त्यो श्रमको ज्याला मजदुरलाई नदिएर आफैले खल्तीमा हाल्छ । यसरी मजदूरले दुई थरी श्रम गर्छ : एक आफ्नो ज्यालाका लागि र दुई पुंजीपतिको नाफाका लागि । पुँजीपतिको नाफाका लागि मजदूरले गर्ने अतिरिक्त श्रमको मूल्यलाई अर्थशास्त्रको भाषामा अतिरिक्त मूल्य भन्दछन् । अतिरिक्त मूल्य भनेको पुँजीवादको सार हो, यो विना पुँजीवाद नै रहदैन ।

*४) अतिरिक्त मूल्यको दर*

कुल अतिरिक्त मूल्य र अस्थिर पुँजीको अनुपातबाट अतिरिक्त मूल्यको दर निकालिन्छ । यदि अतिरिक्त मूल्यलाई क र अस्थिर पुँजीलाई ख ले संकेत गर्ने हो भने अतिरिक्त मूल्यको दर $s' = s/v$ हुन्छ । पुँजीवादी उत्पादन प्रणालीमा पुँजीपतिको फाइदाका लागि मजदूरले गर्ने अतिरिक्त श्रम र आफ्नो ज्यालाका लागि आवश्यक पर्ने श्रमको अनुपातबाट पनि अतिरिक्त मूल्यको दर निकाल्ने गरिन्छ । यसलाई प्रतिशतमा नाप्ने चलन छ । यसमा के कुरा बुझ्न जरुरी छ भने अतिरिक्त मूल्य निर्माणको पक्रियामा स्थिर पुँजीको कुनै भूमिका नै रहँदैन ।

*५) नाफाको दर*

माल बिक्री गर्दा भएको कुल नाफा र त्यो माल उत्पादन गर्न लगानी गरिएको कुल पुँजीको अनुपातबाट नाफाको दर निकालिन्छ । स्थिर पुँजीलाई $c$ ले संकेत गर्ने हो भने, कुल पुँजी $T = c + v$ हुन्छ । यसरी नाफाको दर $p' = s / T$ अर्थात् $p' = s / (c+v)$ हुन्छ । यसलाई पनि प्रतिशतमा नै व्यक्त गर्ने चलन छ ।

*उदाहरण :*

मानौं एउटा साइकल कारखानाको मालिकले उत्पादनका साधनका निमित्त जम्मा रु ८०,००० लगानी गरेको छ । उसले मजदुरहरूलाई प्रतिदिन ८ घण्टा काम गराउँछ र उत्पादन गरेका सबै साइकलहरू रु १,२०,००० मा बेच्छ । यदि उसले मजदुरहरूलाई ज्याला स्वरूप रु २०,००० दिएको छ भने यो कारोबारमा अतिरिक्त मूल्यको दर र नाफाको दर कति कति होलान् ?

यस उदाहरणमा मजदुरहरूले प्रतिदिन ८ घण्टा काम गरेर आफ्नो ज्यालास्वरूप रु २०,००० कमाउँछन् र पुँजीपतिलाई नाफाको रूपमा रु २०,००० कमाइदिन्छन् । यसको अर्थ हुन्छ, मजदुरहरूले आफ्नो लागि ४ घण्टा र पुँजीपतिका लागि ४ घण्टा काम गरेका छन् ।

यहाँ, स्थिर मूल्य $c$ = रु ८०,०००;

अस्थिर मूल्य $v$ = रु २०,००० /

अतिरिक्त मूल्य $s$ = रु २०,०००

फेरि कुल पुँजी, $T = c + v$

= रु २०,००० + रु ८०,०००

= रु १,००,०००

त्यसकारण, अतिरिक्त मुल्यको दर $s'=s / v$

= रु २०,००० / रु २०,०००

= १०० %,

त्यस्तै, नाफाको दर $p' = s / T$

.

रु २०,००० / रु १,००,०००

= २० %

पुँजीपति वर्गले विभिन्न तरिकाले आफ्नो अतिरिक्त मूल्यको दर र नाफाको दर बढाएर आर्थिक शोषणलाई तीव्र पार्ने कोसिस गरिराखेको हुन्छ । यहाँ पुँजीपतिले नाफा बढाउने दुईवटा विधि मात्र छलफल गरिएको छ ।

एक : अन्य कुराहरू यथावत राखी श्रमघन्टा बढाएर ।

*उदाहरण :*

माथिको प्रश्नमा अन्य सबै कुरा यथावत राखी मजदुरलाई १२ घन्टा श्रम गरायो भने पुँजीपतिले आर्जन गर्ने अतिरिक्त मूल्यको दर र नाफाको दर कति कति होलान् ?

यहाँ, श्रमिकहरूले आफ्नो ज्याला रु २०,००० कमाउँनका लागि ४ घन्टा काम गर्दछन् । उनीहरूले गर्ने वाँकी ८ घन्टाको अतिरिक्त श्रमको मूल्य पुँजीपतिको खल्तीमा जान्छ । अर्थात्, मजदुरहरूले पुँजीपतिलाई रु ४०,००० कमाई दिन्छन् ।

यहाँ, स्थिर पुँजी $c$ = रु ८०,०००;

अस्थिर पुँजी $v$ = रु २०,०००;

अतिरिक्त मूल्य $s$ = रु ४०,०००

कुल पुँजी $T = c + v$= रु ८०,००० + रु २०,०००

= रु १,००,०००

अतिरिक्त मूल्यको दर $s' = s / v$ रु ४०,००० र रु २०,०००. २०० %, र

नाफाको दर $p' = s / T$= रु ४०,००० / रु १,००,००० = ४० %

नोटः (पुँजीपतिले ज्याला नबढाई श्रमघण्टा मात्र बढाउँदा श्रमिकहरूले आफ्नो श्रमको शोषण भएको सहजै थाहा पाउँछन् । त्यहाँ सजिलै विद्रोह भड्किन सक्छ । त्यसकारण, सामान्यतः पुँजीपतिले यो विधि प्रयोग गर्दैन ।)

दुई : समय र ज्याला यथावत राखी छिटो कामगर्ने मेसिनहरू प्रयोग गरेर ।

*उदाहरण :*

(माथिको उदाहरणमा ज्याला र श्रम घन्टा यथावत राखेर पुँजीपतिले पहिले भन्दा दुईगुना छिटो काम गर्ने मेसिन प्रयोग गऱ्यो भने अतिरिक्त मूल्यको दर र नाफाको दर कति कति होलान् ?)

यसो गर्दा, नयाँ मेसिनको सहयोगमा मजदुरहरूले आफ्नो ज्याला जम्मा २ घण्टामा कमाउँछन् । बाँकी ६ घन्टाको श्रमले गरेको उत्पादन पुँजीपतिको खातामा जान्छ अर्थात् पुँजीपतिले रु ६०,००० कमाउँछ ।

यहाँ, स्थिर पुँजी $c$ = रु ८०,०००,

अस्थिर पुँजी $v$ = रु २०,००० /

अतिरिक्त मूल्य $s$ = रु ६०,०००

कुल पुँजी $T = c + v$= रु ८०,००० + रु २०,००००= रु १,००,०००

अतिरिक्त मूल्यको दर $s'$ = रु ६०,००० / रु २०,०००

= ३०० %,

त्यस्तै, नाफाको दर $p' = s / T$

= रु ६०,००० / रु १,००,०००

= ६० %

यो दोस्रो विधि पुँजीपतिका लागि बढी उपयुक्त हुन्छ । मजदुरलाई थाहै नदिई पुँजीपतिले यस विधिबाट पहिलेको भन्दा दोब्बर अतिरिक्त मूल्य कुम्ल्याउँछ । यसै कारण पुँजीपति वर्गले प्रविधिको विकासमा निकै जोड दिने गर्दछ ।

*४. निष्कर्ष*

पुँजीवादी उत्पादन प्रक्रियामा, श्रमिकको श्रमको एउटा हिस्सा पुँजीपतिले बिना ज्याला आफ्नो खल्तीमा पार्छ र यसैबाट मजदुरको शोषण हुन्छ । यही अतिरिक्त श्रमको मूल्य नै अतिरिक्त मूल्य हो र पुँजीवादी अर्थतन्त्रको सार यही हो । अतिरिक्त मूल्य नभएको पुँजीवाद हुनै सक्दैन । मार्क्सले पुँजीवादी अर्थशास्त्रमा गरेको यो अनुसन्धान मानव इतिहासकै एउटा अद्वितीय उपलव्धि हो । आजसम्म कुनै पनि अर्थशास्त्रीले यसको तथ्यसंगत खण्डन गर्न सकेको छैन । अतिरिक्त मूल्यबाट प्राप्त आम्दानी पुँजीपतिको कुल पुँजीमा थपिंदै जाने, पुँजीपति झन-झन धनी बन्दै जाने र परिणामतः पुँजी तथा श्रमका बीचको अन्तरविरोध चर्किंदै जाने हुनाले त्यसको समाधानका लागि समाजवादी क्रान्ति अनिवार्य हुन्छ । मार्क्सले निकालेको एउटा निष्कर्ष यो हो ।

अर्कोतिर, नाफाका लागि पुँजीपतिहरू माल उत्पादन गर्न यत्रतत्र भौंतारिने गर्दछन् । उत्पादनको प्रक्रियामा देखा पर्ने यो अराजकताका कारण बजारमा बारम्बार अति उत्पादनको समस्या आइरहन्छ र त्यसले देशमा आर्थिक सङ्कट पैदा गरिरहन्छ । यसरी पुँजीवादी उत्पादन सम्बन्धका कारण पैदा हुने आर्थिक सङ्कटको समाधान उत्पादन सम्बन्धलाई बदलेर मात्र गर्न सकिन्छ । त्यो भनेको समाजवादी उत्पादन सम्बन्ध कायम गर्नु हो । यसका लागि समाजवादी क्रान्ति अनिवार्य छ । मार्क्सले निकालेको अर्को निष्कर्ष यो हो ।

यसरी पुँजीवादले आफ्नो बिनासको कारण आफैसँग लिएर आएको छ । त्यो कारण अतिरिक्त मूल्य र उत्पादनमा हुने अराजकता हो । पुँजीवादको विकल्प साम्यवाद हो । यसलाई मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमा सानदार ढङ्गले पुष्टि गर्नु भएको छ ।

(प्रस्तुत लेख सिग्देलद्वारा लिखित ‘ मार्क्सवादको हाते पुस्तक’बाट लिइएको हो । - सं.)

# क्रान्तिकारी नेता कार्यकर्ताहरूको गिरफ्तारी र राज्य आतंक

नयाँ जनबादी क्रान्तिमा क्रान्तीकारी युवालिग, नेपालले खेलेको भुमिकाको विषयमा भन्नु पर्दा विगत १० बर्षे महान जनयुद्धले ऐनाले जस्तै छर्लङ्ग देखाईसकेको छ । जहाँ १७ औं हजार नेपाली सपुतहरूको बलिदान, हजारौंको संख्यामा वेपत्ता योद्धाहरू र हजारौं कै संख्यामा घाइतेहरू छन । यसमा परायजसो युवाहरूको भुमिका अग्रणिय छ । यसै गरी २००६ सालमा नेपालमा कम्युनिस्ट पार्टीको स्थापना संगै २०१० सालमा भएको किसान अन्दोलन, २८ सालमा भएको झापा विद्रोह, ०३६ सालको जनमत संग्रह, ०४७ सालमा भएको जनअन्दोलन र विशेषत २०५२ साल फागुन १ गते नेपाली भुमिमा चलेको महान जनयुद्धमा र २०६२/०६३ सालको जनअन्दोलनमा युवाहरूको भुमिका अग्रपंक्तिमा रहयो । सम्रगमा भन्नु पर्दा नेपाली कम्युनिस्ट अन्दोलन अर्थात संसार भरका लागि त्याग, तपस्या र बलिदानको अनुपम कृतिमान युवाहरूबाटै भएको हामी पाउँदछौं ।

१० बर्षे महान जनयुद्धले गम्भिर धक्का खाएपनि यसको गरिमा महत्व र कृतिमानी कम भएको छैन । बरु दक्षिणपन्थी संसोधनबाद र फासीबाद उन्मुख नवसंसोधनबादसंग व्यापक संघर्ष गर्दै अगाडी बढीरहेको छ । हिजो हामीलाई प्रतिक्रान्तीबाट पाठ सिक्नु पर्छ भनेर पुरा भाषण गर्ने ति हिमायतीहरू आज स्वयम आफै प्रतिक्रान्तिका हर्ताकर्ता हिमायती भएर प्रस्तुत भएका कुरा तपाई हामी सामु छर्लङ्गै छ । यस्ता बदमास राष्ट्रघाती दलालहरूको हिसावकिताब गर्न आज नेपाली धर्तिमा क्रान्तिकारी युवालिगको जन्म भइसकेको छ । यसको जन्मसंगै आज यो देशका जाली फटाहाहरू दिन दोगुणा र रात चौगुणाको रूपमा तर्सित छन । आज क्रान्तिकारी युवालिग, नेपालको गर्जन देखेर प्रतिक्रियावादीहरू आंतकित र कायरता प्रर्दशन गर्दै छन । जो कि हाम्रो गौरवशाली संगठनद्वारा ह्वाइटबडी प्रकरणमा सुगतरत्न कंसकार माथि बलियो झापडको रूपमा पेश भएको कुरा व्यवहारीक रूपमा पुष्टि भइसकेको छ । त्यस्तै सुर्खेत जिल्ला मालपोत कार्यालयमा भएको अनियमिता माथिको एक्सनले दलाल घुसखोरको कमिसनखोरहरूलाई हाम्रो संगठनबाट राम्रै झापड भएको कुरा सर्वविदितै छ । आज देशै भरी संगठन विस्तार संघर्षबाट आंतकित भएर राज्यले हाम्रो संगठनका नेता कार्यकर्ता माथि धरपकड गर्ने समात्ने अनावश्यक मुद्दा चलाउने जस्ता क्रियाकलापहरू अगाडी बढाएको छ । यो कायर मानसिकताबाट हाम्रो गौरबशाली संगठन कुनै हालतमा अविचलित छैन बरु अझै सशक्त र जुझारुमा अगाडि बढ्न तयार छ । क्रान्तिकारीहका लागि हतकडी गहना र जेल स्कुल भन्ने कुरा हामीलाई राम्रोसंग थाहा छ । अहिलेको फासीवाद उन्मुख राज्य सत्ताले आफ्नो कायरता प्रदर्शन गरिरहेको छ । जो पछिल्लो घटनालाई हेर्दा राष्ट्रिय



● दिलबहादुर कठायत (भुकम्प) ●

**१० बर्षे महान जनयुद्धले गम्भिर धक्का खाएपनि यसको गरिमा महत्व र कृतिमानी कम भएको छैन । बरू दक्षिणपन्थी संसोधनबाद र फासीबाद उन्मुख नवसंसोधनबादसंग व्यापक संघर्ष गर्दै अगाडी बढीरहेको छ । हिजो हामीलाई प्रतिक्रान्तीबाट पाठ सिक्नु पर्छ भनेर पुरा भाषण गर्ने ति हिमायतीहरू आज स्वयम आफै प्रतिक्रान्तिका हर्ताकर्ता हिमायती भएर प्रस्तुत भएका कुरा तपाई हामी सामु छर्लङ्गै छ । यस्ता बदमास राष्ट्रघाती दलालहरूको हिसावकिताब गर्न आज नेपाली धर्तिमा क्रान्तिकारी युवालिगको जन्म भइसकेको छ**

सम्मेलनबाट फर्के लगतै हाम्रो संगठनका केन्द्रिय सदस्य इन्द्र गुरुङ्ग माथिको कायरता प्रदर्शन र बर्दियामा संगठनका महासचिव र दे.ज.मो. नेपाल केन्द्रीय सदस्य लगायतका साथीहरूको बरबरतापूर्ण दमन र सिराहा बाँकेमा भएका घटना क्रमले के को संकेत गरिरहेको छ भने अव यो राज्य व्यवस्था धेरै दिन टिक्ने अवस्थामा छैन भन्ने कुराले कायर मानसिकताबाट क्रान्तिकारीहरू प्रति प्रस्तुत भएको देखिन्छ । हाम्रो गौरवशाली संगठन जस्ता सुकै चुनौतिहरूलाई चिर्दै आरोहअबरोहहरू पार गर्दै महासंग्रामको यात्रामा अगाडी बढीरहेको छ । हजारौं हजार सहिदहरूले बगाएको रगतमा पौडी खेल्ने पौडी बाजहरूको चिहान खन्न क्रान्तिकारी युवालिग, नेपाल यो मुलुकको एक जुझारु र सशक्त शक्तिको रूपमा प्रस्तु भइरहेको छ अर्थात उदायी सकेको छ । नेकपा (क्रान्तिकारी माओवादी)ले तय गरेको अन्दोलन सशस्त्र जनविद्रोहद्धारा राज्य सत्तालाई सत्ताच्युत गर्न लागि रहेको अवस्थामा सोही पार्टीका एक सशक्त जुझारु र निष्टवान संगठन क्रान्तिक्रारी युवा लिग, नेपाल यो देशका शोषण दमन अन्याय अत्यचारमा परेका मजदुर किसान, दलित, महिला, मुस्लिम, आदीवासी, जनजाति तराई पहाड र हिमाल बस्ने सम्पूर्ण नेपाली युवाहरूको आँखाको नानी बन्ने छ । मुक्ती अन्दोलन सम्पन्न नहुदासम्म निरन्तर क्रान्तीको मार्गमा अगाडी बढीरहने छ । वेरोजगार युवाहरूलाई रोजगारका लागि संघर्ष गर्ने छ । अन्ततः जनवादी व्यवस्था ल्याएर समाजबादी र साम्यबादी व्यवस्थाको मार्गमा अगाडी बढ्ने छ । वर्तमान युगले क्रान्तिकारी युवाहरूको माग गरेको छ । यति मात्र होइन नेपालको संदर्भमा उत्पीडित वर्ग एवम् समुदायले क्रान्तिक्रारी युवाहरूको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजबाद हुदै साम्यबादको दिशातर्फ अग्रसर भएको देख्न चाहन्छन । अपितु हाम्रो काधमा आएको ऐतिहासिका कार्यभार पुरा गर्न हाम्रो गौरवशाली संगठन क्रान्तिकारी युवा लिग, नेपालको निति तथा कार्यक्रम सहि छ । र यस कार्यक्रममा समर्पित हुन युवा समुदायमा विचारको जति प्रवाहलाई संचार गर्न नै बुद्धिमानी हुने छ । यसलाई लागु गर्न सबै स्तरका युवाहरू सु-संगठित हुदै सचेत पहल र विशेष धक्का दिने राजनीतिक अन्दोलन उत्कर्षमा पुर्‍याउनु पर्दछ ।

क्रान्तिकारी युवा नेता कार्यकर्ताहरू माथिको धरपकड, जेलनेलर यातनाजस्ता राज्य आंतकका पाखन्डी एवं फासीवाद हर्कतले हाम्रो महान सर्वहारा क्रान्तीको प्रक्रिया कुनै पनि हालतमा रोकिदैन । बरु थप सशक्त बन्ने छ । साथै सर्वहारा वर्गको विजयलाई नजिक पुर्‍याउने छ । आशा र विश्वास गरौं सर्वहारा वर्गको जित सुनिश्चत छ । बाटो जस्तो सुकै कष्ट साध्य भएपनि अन्तिम जित हाम्रो नै हुने छ ।*(लेखक क्रान्तिकारी युवा लिगका महासचिव हुन्)*

## किसान महासंघ (क्रान्तिकारी) ललितपुरको संयोजकमा प्रेम डंगोल



ललितपुर । अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)को एक भेलाले ललितपुरको संयोजकमा प्रमे डंगोललाई चयन गरेको छ । ललितपुरको कुपण्डोलमा शनिबार भएको भेलाले उनलाई संयोजकमा चयन गरेको हो ।

नेकपा (क्रान्तिकारी माओवादी) किसान महासंघ (क्रान्तिकारी)को उक्त कमिटीका सदस्यहरूमा भेलाले मोहन लामा, पासाङ दोङ, सुनिल वाइवा, बाबुलाल लोप्चान लगायतलाई चयन गरेको छ । भेलाले पछि ४ सदस्य थप्ने गरी ९ सदस्सीय भेला आयोजक कमिटी निर्माण गरेको हो । भेलाले माघ महिनामा जिल्ला भेला सम्पन्न गर्ने निर्णय गरेको छ ।

भेलामा क्रान्तिकारी माओवादीका केस तथा जिल्ला इन्चार्ज क्षितिज, सेक्रेटरी दिपक, सचिवालय सदस्य विश्वास लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

पार्टीको केन्द्रीय योजना अनुसार भदौं ७ गतेबाट जारी संगठन विस्तार तथा सुदृढीकरण अभियान अन्तर्गत किसान महासंघ (क्रान्तिकारी)को जिल्ला कमिटी गठन गरिएको पार्टी सचिव दिपकले जानकारी दिए । उनका अनुसार जारी अभियानको क्रममा संगठन विस्तार र संघर्ष उठानको लागि आधार निर्माण भइरहेको छ ।

## अखिल (क्रान्तिकारी)को सुर्खेत संयोजकमा हिक्मत शाही'हिमाल'



● जितेन्द्र थापा

सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले सुर्खेत जिल्ला कमिटी गठन गरेको छ । शुक्रबार भएको विद्यार्थीहरूको एक भेलाले हिक्मत शाही हिमालको संयोजकत्वमा नेतृत्वमा १३ सदस्यीय जिल्ला सम्मेलन आयोजक कमिटीको निर्माण गरेको हो । समितिका दस्यहरूमा अनिल भण्डारी, जनार्दन थापा, रविन्द्र थापा, भावना रोकाय, दिनेश बुढा, टेक बहादुर खत्री, प्रशान्त गौतम र विज्ञान जैसी लगायत रहेका छन् ।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा कर्णाली प्रदेश सेक्रेटरी सिपी शर्मा, संगठनका केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेल लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## पोलिटेक्निक इष्टिच्युटमा क्रान्तिकारीको समिति गठन



काठमाडौं । काठमाडौं जिल्ला शंखरापुर न.पा.मा अवस्थित शंखरापुर पोली टेक्नीक इन्ष्टिच्युटमा ५३ जनाको अखिल क्रान्तकारीको इकाई समिति गठन भएको छ । जसमा अध्यक्ष निश्चल परियार, उपाध्यक्षहरूमा विशाल गैरे, जीवन नेपाली, किरण विश्वकर्मा, सचिवमा तुफान विश्वकर्मा र सहसचिवमा सुनीता थारु र पूर्ण रोजी रहेका छन् । भेलामा अखिल क्रान्तिकरीका उपाध्यक्ष शिलु न्यौपाने र महासचिव पेशल कुमार दाहालको उपस्थिति थियो ।

## अखिल क्रान्तिकारी बाँके जिल्लाको एकदिने प्रशिक्षण सम्पन्न



अखिल क्रान्तिकारी बाँके जिल्लाको आयोजनामा १ दिने प्रशिक्षण तथा बैठक सम्पन्न भएको छ । अखिल क्रान्तिकारीका अध्यक्षको प्रमुख आतित्थ्यतामा सम्पन्न बैठक र प्रशिक्षणमा नेकपा (क्रान्तिकारी माओवादी) का वैकल्पिक केन्द्रीय समिति सदस्य तथा जिल्ला सेक्रेटरी क. अर्जुन, अखिल क्रान्तिकारीका प्रदेश ५ संयोजक महेश श्रेष्ठ, देजमोका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष सुरेश ओलीले प्रशिक्षण दिनु भएको थियो । प्रमुख अतिथिको रूपमा अखिल क्रान्तिकारीका अध्यक्ष हरि कृष्ण गजुरेलले शैक्षिक माफिया तथा दलालहरूका विरुद्ध सशक्त ढङ्गले आन्दोलनमा लाग्न आह्वान गर्नु भयो ।


## प्रदेश नं. १ स्तरीय किसान महासंघ समिति गठन

काठमाडौं । अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारी प्रदेश नं १ स्तरीय समिति गठन भएको छ , जस्मा हिमप्रसाद भिश्र संयोजक, सदस्यहरूमा लोमनाथ भण्डारी, मदन चौधरी, कुमार ढकाल, हरिप्रसाद दाहाल, देवीचरण भट्टराई, पदम गिरि, कुलबहादुर बुढाथोकी, सुशीला अधिकारी, गीता भण्डारी, खोजबहादुर खड्का, जनक कार्की, देवेन्द्र घिमिरे, अहमद मियाँ र शङ्कर पौडेल हुनुहुन्छ ।

## दर्शन

# मार्क्सवाद र संशोधनवाद

***जुन गहिराईमा पुगेर मार्क्सवादको जसरी गहन अध्ययन गरिन्छ, त्यही उँचाइमा पुगेर संशोधनवादको पनि अध्ययन गर्न जरूरी हुन्छ***



● हस्तबहादुर केसी ●

मार्क्सवाद विश्वसर्वहारा वर्गको क्रान्ति र मुक्तिको विज्ञान हो । मार्क्सवाद सर्वहारावर्गको मुक्तिको सिद्धान्त र विचारधारा हो । मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो र यो पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको हो । कार्ल मार्क्स (सन् १८१८ - १८८३) र फ्रेडरिक एंगेल्स (सन् १८२० - १८९५) मार्क्सवादका प्रतिपादक हुनुहुन्छ ।

प्रकृति, समाज, राज्यव्यवस्था आदिवारेमा मार्क्स र एंगेल्सले महान् खोज र प्रयोगद्वारा निकाल्नु भएको वैज्ञानिक तथा क्रान्तिकारी विचार, सिद्धान्त दर्शन र व्यवहारको संयुक्त योगलाई मार्क्सवाद भनिन्छ ।

मार्क्स तथा एंगेल्सद्वारा गहिरो अध्ययन-अनुसन्धानसँगै वर्गसंघर्षका बीचबाट स्थापित र संश्लेषित विचार गर्ने नै मार्क्सवाद हो । दर्शन, राजनीतिक, अर्थशास्त्र, वैज्ञानिक समाजवाद र पुँजीवादका विरुद्ध र विश्वका बहुसंख्यक सर्वहारा उप्तीडित वर्गका पक्षमा खडा भएको एउटा शसक्त वैचारिक हतियार नै मार्क्सवाद हो ।

मार्क्सवाद भनेको संसारलाई बुझ्ने, व्याख्या -विश्लेषण गर्ने र बदल्ने विश्वदृष्टिकोण र सर्वहारावर्गको मुक्तिको सिद्धान्त हो ।

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसंघर्ष तथा इतिहासमा बलप्रयोगको भूमिका सर्वहारा वर्गको अधिनायकत्व र वैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यता हुन् ।

मार्क्सवादका तीन संघटक अंग (तत्व) रहेका छन् । ती हुन् दर्शन (जर्मन शास्त्रीय दर्शन), राजनीतिक अर्थशास्त्र(बेलायती अर्थशास्त्र) र समाजवाद (फ्रान्सेली काल्पनिक समाजवाद) रहेका छन् । मार्क्सवादका विषयमा लेनिनले भन्नु भएको छ, "मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीन संघटक तत्वहरूको संश्लेषणबाट भएको छ ।" लेनिनकै भनाइअनुसार मार्क्सवाद भनेको मार्क्सका विचार र उनका शिक्षाको व्यवस्थित श्रृंखला हो ।

मार्क्सको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । यो दर्शनको सिद्धान्त भौतिकवाद हो । यसले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्दछ । यसले चेतनालाई बस्तुजगतका आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगम्य बताउँछ । मार्क्सवादी दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भएकाले यो आदर्शवाद र आधारभूतवादका विरुद्ध परिलक्षित रहेको छ । मार्क्सवादी दर्शनको पद्धति द्वन्द्ववाद हो । एंगेल्सले द्वन्द्ववादका तीन नियम अर्थात् विपरितहरूको एकता र संघर्षको नियम, मात्राको गुण र गुणको मात्रामा रूपान्तरणको नियम र निषेधको नियमको उल्लेख गर्नु भएको छ । लेनिले विपरीत तत्वको एकत्व र एकता, संघर्ष र रूपान्तरणको नियम बताउनु भएको छ । माओले दर्शनमा एकको दुई हुने बताउनु भएको छ ।

मार्क्सले ऐतिहासिक भौतिकवादमा सामाजिक सत्ता र सामाजिक चेतना उत्पादन शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचना तथा उत्पीडक र उत्पीडित वर्गहरू बीचको संघर्षको मान्यता प्रस्तुत गर्नु भएको छ ।

मार्क्सको रानीतिक अर्थशास्त्र श्रमको मूल्य सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तमा आधारित रहेको छ । मार्क्सको वैज्ञानिक समाजवाद वर्ग संघर्ष, इतिहासमा बल प्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व र साम्यवादका आधारभूत मान्यताहरूद्वारा निर्मित भएको छ ।

मार्क्स आफ्नो अनन्य भित्र तथा सहयोगी एंगेल्ससँग मिलेर कम्युनिस्टहरूको संगठन कम्युनिस्ट लिगमा क्रियाशील हुनु भयो र लिगको दोस्रो कांग्रेस सन् १८४७ नोभेम्बर २९ देखि डिसेम्बर ८ सम्म लण्डनमा सम्पन्न भयो । त्यस कांग्रेसमा मार्क्स र एंगेल्सले भाग लिनु भयो । यसै कांग्रेसले मार्क्स र एंगेल्सलाई कम्युनिस्ट पार्टीको घोषणापत्र तयार पार्ने जिम्मेवारी सुम्प्यो । एक वर्ष लगाएर मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्र तयार पार्नु भयो र सन् १८४८ फेब्रुअरी १२ का दिन विश्वविख्यात कम्युनिस्ट घोषणपत्र जारी गर्नु भयो । मार्क्स एंगेल्सद्वारा प्रतिपादन गरिएको यो सिद्धान्त नै सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक हतियार क्रान्तिको विज्ञान बन्यो ।

क म्य ु ि न स ट घोषणापत्रको चर्चा गर्दै लेनिनले भन्नु भएको छ, "यो कृतिमा नयाँ विश्वदृष्टिकोण, सामाजिक जीवनको क्षेत्रलाई पनि आफ्नो परिधिमा लिने सुसंगत भौतिकवाद, विकासको अधिकतम सर्वाङ्गीण तथा गंभीर शिक्षाका रूपमा द्वन्द्ववाद वर्ग संघर्ष तथा नयाँ कम्युनिस्ट समाजको स्रष्टाको नाताले सर्वहारावर्गको विश्व ऐतिहासिक क्रान्तिकारी भूमिकाको सिद्धान्त मेधावी स्पष्टता र तेजस्विताका साथ वर्णन गरिएका छन् लेनिन संकलित रचनाएँ, दश खण्डमें खण्ड ५, पृ. २३/२४ प्रगति प्रकाशन भएको १९८२ ।

मार्क्स एंगेल्सद्वारा कम्युनिस्ट घोषणापत्रको निर्माण पछि जर्मनी लगायतका विभिन्न देशहरूमा कम्युनिस्ट पार्टीहरूको नयाँ आधारमा विकास र जन्मको प्रक्रिया सशक्त रूपमा अगाडि बढेका थिए । यसै क्रममा मार्क्स र एंगेल्सले मिलेर सन् १९६४ मा पहिलो अन्तर्राष्ट्रियका स्थापना गर्नु भएको थियो । त्यो १८७२ सम्म कायम रहयो । मार्क्सको निधन पश्चात एंगेल्सको नेतृत्वमा सन् १८८९मा दोस्रो अन्तर्राष्ट्रिय को गठन भयो र त्यो १९१४ सम्म कायम रहयो । मार्क्स र एंगेल्सले कम्युनिस्ट आन्दोलनमा विद्यमान अवसरवाद र अराजकतावादका विरुद्ध संघर्ष गरेर मार्क्सवादको प्रतिपादन र विकास गर्नु भयो । यस विषयमा एंगेल्सले भन्नु भएको छ, "सर्वहारावर्गको विकास जहाँकही पनि आन्तरिक संघर्षको वीचबाट नै अगाडि बढ्छ जस्तो कि मार्क्स र म आफैले पनि अरु कसैसँग भन्दा बढी नक्कली समाजावादीहरू विरुद्ध जीवनमा कठिन लगाइ लडेका थियौँ ।"



मार्क्सवादको प्रतिपादनले विश्व मानव समुदायमा ठूलो क्रान्ति ल्याइदिइयो र हलचल नै पैदा गरिदियो । मार्क्सवादमा विश्वसर्वहारावर्गले संसारलाई विकसित बुझ्ने र त्यसलाई फेर्ने र एक अमूक बौद्धिक अस्त्र भेटाएको छ । यस विषयमा लेनिनले दर्शाउनु भएको छ "मार्क्सको दर्शन एउटा यस्तो परि पूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानव जातिलाई र खास रूपले मजदूर वर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।"

सर्वहारावर्गको लागि दर्शनको कत्रो महत्व रहेको हुन्छ भन्ने कुरालाई स्वयं कार्लमार्क्सले यसरी व्याख्या गर्नु भएको छ,"जसरी दर्शनले सर्वहारावर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ ।"

त्यसैगरी मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई माओले यसरी दर्शाउनु भएको छ, "मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवाद दर्शन, मार्क्सवादी अर्थशास्त्र मार्क्सवादी समाजवाद अर्थात वर्गसंघर्षको सिद्धान्त तर जग चाहिँ मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन गरिदैन भने हाम्रो एउटा साझा भाषा कुनै साझा तरिका हुने छैनन्, हामी चिजहरूलाई स्पष्ट नपारिकन यताउताको कुरा तर्क मात्र गरिरहेका हुन्छौ । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरिसकेपछि थुप्रै दुःख कष्टहरूबाट जोगिने छ र धेरै गल्तीहरू हट्नेछन् ।"

मार्क्सवादको मार्क्सवाद - लेनिनवाद- माओवादमा विकास भएको छ । पहिलो चरणमा मार्क्सवादको विकास भएको छ । मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा लेनिनवादको विकास लेनिनवाट भएको छ । मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवादको माओत्सेतुङबाट भएको छ ।

आज मार्क्सवाद विज्ञान संघर्षकै क्रममा विकासको तेस्रो नयाँ र उच्च चरणमा पुगेको छ । यो तेस्रो नयाँ र उच चरण माओत्सेतुङ्द्वारा विकास गरिएको माओवादको चरण हो । यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अमेद्य इकाईका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादका रूपमा ग्रहण नगरी केह ीगर्न सच्चा कम्युनिस्ट बन्न सक्तैन ।

जसरी मार्क्सवाद- लेनिनवादको स्थापना कम्युनिस्ट क्रान्तिकारीहरूद्वारा सबैखाले प्रतिक्रियावाद संशोधनवाद र अवसरवादका विरुद्ध संघर्षका क्रममा भएको हो त्यसरी नै आज माओवादको स्थापना पनि निर्मम संघर्षका बीचबाट भइरहेको छ ।

मार्क्सवादको जन्मसँगै संशोधनवादको पनि जन्म भएको हो । मार्क्सवादका तीनवटै संघटक अंग दर्शन, राजनीति अर्थशास्त्र र वैज्ञानिक समाजवादको तोडमोड तथा अपव्याख्या गर्नु संशोधनवाद हो । संशोधनवाद अन्तर्राष्ट्रिय परिघटना हो । संशोधनवादको वर्गीय जश निम्न पुँजीवाद हो र यसले पुँजीवादको सेवा गर्दछ ।

संशोधनवाद मार्क्सवादका तीनओटै संघटक अंग अर्थात दर्शन राजनीतिक अर्थशास्त्र र समाजवादमा व्याप्त रहेको हुन्छ ।

मार्क्स र एंगेल्सले आफ्नो जीवन कालमा कम्युनिस्ट आन्दोलनमा घुसेका तमाम पुँजीवादी र निम्न पूँजीवादी विचारधाराका विशुद्ध कडा संघर्ष चलाउनु भयो । जसमा फ्रान्सका प्रुँधो (१८०९- १८६५) रुसका बाकुनिन (१८१४ - १९७६) र जर्मनीका लासाल (१८२५- १८६४) तथा ड्यूहरिङ्ग (१८३३ - १९२१) सहित तिनका तिनका पक्षधरहरूका विचार प्रमुख रहेका छन् । त्यस पश्चात एडवर्ड बर्नास्टिन (१८५० - १९३४) ले संशोधनवादका स्थापना गरे । बर्नस्टिनलाई शास्त्रीय संशोधनवादका पिता भनिन्छ । उनले मार्क्सवाद को संशोधन गरे । मार्क्सवादको पुनर्विचार गरे ।

दर्शनको फाँटमा संशोधनवादीहरूले द्वन्द्वात्मक भौतिकवादको विरोधमा आदर्शवाद र अधिभूतवादको शरण लिन पुगेका छन् । संशोधनवादका मूख्य दार्शनिक आधार नवकाष्टवाद, प्रत्यक्षवाद र संकल्पवाद हुन् । संशोधनवाद दक्षिणपन्थी, मध्यपन्थी र उग्रपन्थी तीन धारामा विभाजित हुँदै विभिन्न चरणमा विभिन्न रूपमा देखिदै आएको छ ।

संशोधनवादको दार्शनिक सिद्धान्त आदर्शवाद हो यसको दार्शनिक पद्धति अधिभूतवाद हो । मूलतः संशोधनवादको दार्शनिक सिद्धान्त दक्षिणपन्थी संशोधनवादी दर्शनसँग सम्बन्धित छ । दार्शनिक पद्धतिको क्षेत्रमा दक्षिणपन्थी संशोधनवादले क्रान्तिकारी द्वन्द्ववादको विरोधमा भँडुवा विकासवाद र शान्ति पूर्ण विकासको पक्षपोषण गर्दछ ।

संशोधनवादीहरूको विश्वदृष्टिकोण अधिभूतवादी विश्व दृष्टिकोण हो । दार्शनिक पद्धतिको क्षेत्रमा संशोधनवादका मूलतः तीन प्रकारका विशेषता हुने गर्दछन् ती हुन् एकमनावाद, बहुलवाद र सारसंग्रहवाद । भौतिकवादी द्वन्द्ववाद यो तीनओटै गलत चिन्तनको विरोधी रहेको छ । मार्क्सवादले इतिहासको भौतिकवादी अध्ययनका आधारमा समाजवाद र साम्यवादको स्थापना हुने निष्कर्ष निकाल्ने काम गर्दछ । तर संशोधनवाद यस प्रकारको मार्क्सवादी मान्यताको विरोधी रहेको छ ।

मार्क्सवादको विकाससँगै संशोधनवादको पनि विकास हुँदै जान्छ । संशोधनवादले ख्रुश्चोवमा गएर एउट उत्कर्ष प्राप्त गरेको छ । उनले सर्वहारावर्गको कम्युनिस्ट पार्टीलाई सम्पूर्ण जनताको पार्टी, सर्वहारा वर्गको अधिनायकत्वमा आधारित राज्यलाई सम्पूर्ण जनताको राज्य सशस्त्र संघर्षको सिद्धान्तलाई शान्तिपूर्ण संक्रमणको सिद्धान्तमा गिराउने काम गरे । उनले स्टालिन माथि व्यक्तिपूजाको गंभीर आरोप लगाए । ख्रुश्चोभको संशोधनवादले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा ठूलो नकारात्मक प्रभाव पार्‍यो । ख्रुश्चोभलाई आधुनिक संशोधनवादका पिता भनिन्छ । माओको नेतृत्वमा चीनको कम्युनिस्ट पार्टीले ख्रुश्चोभको संशोधनवादको डटेर विरोध गरेको थियो ।

बर्नस्टाइनबाट शुरु भएको संशोधनवादले टिटो, ख्रुश्चोभ लिउ साओ ची, देङ शाओ, पिङ आदि हुँदै युरो कम्युनिज्ममा चरम रूप लिदै नवसंशोधनवादको बाटो हुँदै प्रतिक्रियावादमा गिर्न पुगेको छ ।

संशोधनवाद र अन्तर्राष्ट्रिय परिघटना हुनुको कारण अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा पैदा भएका मतभेद र दुईलाइन संघर्षबाट नेपाल पनि प्रभावित हुँदै आएको छ र अहिलेसम्म आउँदा नेपालमा मूलतः दुई प्रकारका संशोधनवादी धारा देखा पर्दै आएका छन्- ती हुन् बहुदलीय संशोधनवाद र जडसूत्रीय संशोधनवाद । नेपालमा दक्षिणपन्थी संशोधनवादी तथा नवसंशोधनवादी धारा हावी हुदै आएको छ । नेपालमा संशोधनवादको विस्तृत अध्ययन गर्न आवश्यक छ । किनभने दक्षिणपन्थी संशोधनवाद नेपाली क्रान्तिको बाधक बन्दै आएको छ । तर यहाँ धेरै लामो व्याख्या गर्न संभव छैन ।

भीषण वर्गसंघर्ष, विचारधारात्क दुइलाइन संघर्षको बीचबाट क्रान्तिकारी मार्क्सवादको रक्ष, प्रयोग र यान्त्रिक ढंगले नभएर सृजनात्मक ढंगले विकास र प्रयोग दुवै गरेर मात्र सबै रूप र रंगका संशोधनवादलाई परास्त गर्न सकिन्छ ।

हामीले नेपाली कम्युनिस्ट आन्दोलनमा मार्क्सवाद र संशोधनवादका बीच चल्दै आएको संघर्षलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणको आधारमा अध्ययन गर्नुपर्ने हुन्छ । विपरीतहरूको एकता र संघर्षको नियम द्वन्द्ववादको आधारभूत नियम हो त्यो प्रकृति, समाज र चिन्तनको क्षेत्रमा पनि लागु हुन्छ । सिंगो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास जस्तै नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास पनि विपरीतहरूको एकता र संघर्षको इतिहास हो । यो विपरितहरूको वाद, विवाद र संवादको प्रक्रियाका बीचबाट अगाडि बढ्दै आएको तथ्यलाई कहिल्यै पनि भुल्नु हुँदैन । जुन गहिराईमा पुगेर मार्क्सवादको जसरी गहन अध्ययन गरिन्छ, त्यही उँचाइमा पुगेर संशोधनवादको पनि अध्ययन गर्न जरुरी हुन्छ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक



● गौरव ●

# मेरो जेल मित्र

***सुब्रमन्यम् ज्यादै अध्ययनशील थियो । उसलाई लण्डनमा भएकी आमाले आर्थिक सहयोग गरिरहन्थिन् । आएको पैसाको एउटा ठूलै हिस्सा पुस्तक पत्रिकामा खर्च गर्दथ्यो । राजनीतिक बहसमा उसलाई निकै रूची थियो । म पनि त्यस्तै । हाम्रा चाहना मिलेका हुनाले हाम्रो मित्रता निकै गाढा भयो***

भारतको चेन्नाई सेण्ट्रल जेल ! त्यति ठूलो जेलमा खाने पानीको व्यवस्था थिएन । सबै कैदी वन्दी बाहिरबाट भेटघाट गर्ने आफन्तले किनेर ल्याइदिएको पानीमा भर पर्नु पर्दथ्यो । मेरो बाहिरबाट भेट्न मानिस आउने अवस्था नै थिएन, किनभने केही दिनसम्म मेरो अवस्था बाहिरी संसारका लागि अज्ञात नै थियो । जेल प्रशासनले दिने चारपांग्रे स्ट्रेचमा झिँगा भन्काउँदै ल्याएको खाना न त जिभ्रोले स्वीकार गरिरहेको थियो, न त आँखाले नै खाउँ न त भनेर अनुमति नै दिन मानिरहेको थियो । एक रात र एक बिहान भैसकेको थियो, पानी खान नपाएको । धारोबाट दिनको एक घण्टा छाडिने पानी पनि पिउन लायक थिएन । बाध्य भएर त्यही पानी खाएँ, एक गिलास जति । बस्, दिउँसोदेखि पखाला लाग्न थालिहाल्यो । डि हाइड्रेसन भएर मरिने भयो, भन्ने लागेको थियो । मेरो नाजुक अवस्था देखेपछि जेलकै एक जना युवकले आफुसँग भएको औषधी र एक लिटर पानी खान दिए । म अहिले पनि त्यो युवकलाई सम्झि रहन्छु र मनमनै सोच्दछु- 'उसैले गर्दा यो संसारमा म अहिले छु' ।

म विदेशी भएर पनि मलाई 'फरेनर्स वार्ड'मा सुब्रमन्यम्ले जाफ्नामै गएर छापामार युद्धमा भाग लिने निर्णय गरेर स्वदेश फर्केछ । हातहतियार र बिस्फोटकको व्यवस्था गर्न उ तामिलनाडु आएछ । केही वर्षसम्म त उसले यो काम निर्वाध रूपमा गरेछ । तर राजीव गान्धी हत्या प्रकरणपछि भएको दमनमा परेको सुब्रमन्यम विगत दशवर्षदेखि त्यहीँ जेलजीवन बिताएर बसेको रहेछ । हामी घनिष्ट हुँदै गएपछि उसले यो नालीबेली मलाई सुनाएको थियो ।

सुब्रमण्यम्ले मलाई एउटै कोठामा बसौं भन्ने प्रस्ताव ल्यायो । मलाई 'के खोज्छस् कानो आँखा' भने जस्तो भयो । तर त्यसको निमित्त जेल प्रशासनले स्वीकृति दिनु पर्दथ्यो । कस-कसलाई त्यसको निमित्त भनुसुन् गर्नुपर्छ भन्ने पनि उसैले सिकायो । त्यसै अनुसार म जेलरसँग भेट्न गएँ । जेलर पहिले झस्कियो र मलाई हकारे जस्तो गरी सोध्यो, "यती चाँडै तिमीलाई यो माग गर्न कस्ले सिकायो ? सुब्रमन्यम् ले ?" मैले सहजरूपमा भने, "मलाई कसैले सिकाएको होइन । मेरो सुविधाको निम्ति म तपाईंसँग कुराकानी गर्न आएको ? यति कुरा पनि मलाई अरुले नै सिकाउनु पर्ला र ?" उ अलिक नरम भयो । "तिम्रो बारेमा कुनै पनि कुराकानी गरेको देखेर अनि मलाई भेट्न यूरोपदेखि वकिलहरू आएको थाहा पाएपछि हामीसँग तिनीहरू अलि हच्किन्थे । तिनीहरू आपसमा सिंहाली भाषा बोल्दथे । तिनीहरू र मेरा बिचमा सम्पर्क भाषा नै भएन । त्यसैले सेलमा ताला बन्द हुँदा दिनको १२ घण्टा म सम्वादविहीन हुनु पर्दथ्यो ।

सुब्रमन्यम् ज्यादै अध्ययनशील थियो । उसलाई लण्डनमा भएकी आमाले आर्थिक सहयोग गरिरहन्थिन् । आएको पैसाको एउटा ठूलै हिस्सा पुस्तक पत्रिकामा खर्च गर्दथ्यो । राजनीतिक बहसमा उसलाई निकै रुची थियो । म पनि त्यस्तै । हाम्रा चाहना मिलेका हुनाले हाम्रो मित्रता निकै गाढा भयो ।

सुब्रमन्यम् ज्ञानको भण्डार नै थियो । उ जुनसुकै विषयमा पनि स्तरीय बहसमा उत्रिहाल्दथ्यो । बहस गर्ने उसको शैली आक्रामका थियो । उसँगको बहसले मेरो आफ्नै ज्ञानको भण्डारलाई निकै बढाएको महशुस भएको छ । कहिले काहीँ बहश गर्दा गर्दै हाम्रो उठा-उठ पनि हुन्थ्यो । उसँग सेलमा बस्ने एकजना साथी थियो । हाम्रो चर्को बहस हुन थालेपछि उ हाम्रो बिचमा हातै हालाहाल हुने हुने



सारिएन । मलाई त्यो वार्ड छ भन्ने पनि थाहा थिएन । त्यहाँकी मुख्यमन्त्रीले गरेको भ्रष्टाचार काण्डको पर्दाफास गरेको कारण, त्यसैको उपहार स्वरूप जेलमा थुनिएको एक जना पत्रकारले मलाई त्यसप्रकारको वार्डमा जान सल्लाह दिएका थिए । एकदिन जेल गार्डका मानिस आएर मलाई आफ्नो झोला झाम्टा बोकेर तयार हुन इशारा गरे । नभन्दै मलाई तिनीहरूले त्यही 'फरेनर्स वार्ड'मा छिराएर गेट बन्द गरिदिए । मलाई रिँगटा लाग्यो । त्यहाँ एउटा चौतारो रहेछ, म त्यही चौतारामा पल्टिएँ । आधा दर्जन जति बन्दि आएर मेरो जिउ छामे । एकजना कालो रंगको, लुंगी र गंजी लगाएको मानिस आएर मेरो नाडी छाम्यो । एक छिनपछि उसले जीवन-जल जस्तो केही मिसाएको एक गिलास चिसो पानी ल्याएर खान दियो । त्यसको केही बेर पछि चिया पनि खान दियो । मलाई अहिलेसम्म पनि त्यो चिया मेरो मैले आफ्नो जीवनमा खाएको सबैभन्दा मिठो चिया जस्तो लागिरहेको छ । उसको नाम सुब्रमन्यम् रहेछ ।

सुब्रमन्यम् श्रीलंकाको जाफ्नाको तामिल । उ पढाइमा निकै जेहन्दार रहेछ । उसको दिदी भिनाजु लामो समयदेखि लण्डनमा बस्दै आएका हुनाले उसलाई पनि त्यहाँको इंजिनियरिङ र कलेजमा पढ्ने अवसर जुटाइदिएछन् । उसले लण्डनबाटै इंजिनियरिङ पास गरेको रहेछ । त्यतिखेर जाफ्नामा 'तामिल इलम' आन्दोलनको चक्चकी थियो । त्यो आन्दोलनलाई समर्थन गर्ने तामिलको संख्या बेलायतमा पनि प्रशस्तै थियो । सुब्रमन्यम् पढ्दापढ्दै तामिल इलमतिर आकर्षित भएछ । एलूटिटिईका सिद्धान्तकार डा. आण्टोन बाला सिंगम थिए । एलूटिटिईको श्रीलंका सरकारसँग वार्ता हुँदा टाइगरको प्रतिनिधिमण्डलको नेतृत्व उनले नै गर्ने गरेको हुनाले उनको नाम मैले पनि प्रशस्तै सुनेको थिएँ । लण्डनमा बाला सिंघम्को प्रशिक्षणमा दुई तीन पटक बसेपछि निर्णय गर्दा सुपरिन्टन्डेन्टले गर्दछन् । हामीले गर्न मिल्दैन ।" उसले उतातिर पठाइदियो । बल्ल तल्ल मैले सुपरिण्टेण्डेण्टलाई भेट्ने मौका पाएँ । उसले तलदेखि माथिसम्म मलाई हेऱ्यो । मैले आफ्ना कुरा सुनाइसकेपछि उसले मलाई अलिक् परको कुर्सीमा बस्ने इसारा गऱ्यो । एकछिन पछि एउटा अफिसरले उसलाई केही फाइल ल्याएर दियो । फाइलको आधा घण्टा जति अध्ययन गरिसकेपछि उसले मलाई नजिक आउने इसारा गऱ्यो र भन्दै गयो, "तिम्रो र सुब्रमन्यम्को केसको प्रकृति उस्तै खालको देखिन्छ । त्यसकारण, तिमीहरू दुबैलाई एउटै सेलमा राख्न मिल्दैन । जेल प्रशासनले आवश्यकै ठान्यो भने माथिको आदेश लिएर पछि व्यवस्था गरिने छ । अहिलेलाई तिमी जहाँ छौ, त्यहीँ बस ।" म भारी मन लिएर फर्किएको थिएँ ।

म बस्ने सेलमा अरु दुई जना थिए । हेरोइनको तस्करी गरेको आरोप लागेका एक जना तामिल र अर्को सिंहाली । त्यतिखेर श्रीलंकामा सिंहाली सरकार र तामिल बिद्रोहीका वीचमा भीषण लडाईं चलिरहेको थियो । सिंहालीले तामिललाई र तामिलले सिंहालीलाई समाप्त पारेका खबरहरू आइरहेका थिए । तर ती दुवैजना आपसमा असाध्यै मिलेर बसेका थिए । तिनीहरू न त पत्र पत्रिका पढ्दथे, न त टिभीका समाचार नै हेर्दथे । मौका मिल्यो भने क्रिकेट म्याच हेर्न चाहिँ हुरुक्क हुन्थे । 'अज्ञानताले मानिसलाई सुखि बनाउँछ' भनेको पनि यसैलाई होला । म माओवादी पार्टीको भन्ने तिनीहरूलाई राम्रोसँग थाहा थियो । तिनीहरूले अरु राजनीतिक नेताहरूलाई मन नपराए जस्तै मलाई पनि मन पराउँदैनथे । तिनीहरूले सुब्रमण्यम्लाई पनि मन पराउँदैनथे र हामी दुई जनाका बिचमा घनिष्टता भएकोमा पनि तिनीहरूलाई राम्रो लागेको थिएन । जेलर र सुपरिण्टेण्डेण्टले बेला बखतमा हामीसँग लामै हो कि भनेर डराउँथ्यो । बहस सकिएपछि हामी फेरि उस्तै, झन् घनिष्ट हुन्थ्यौं ।

सुब्रमन्यम् र मेरो भेटघाट नभएको ११ वर्ष बितिसकेको छ । हाम्रा बिचमा कुनै सम्पर्क र सम्बन्ध हुन सकेको छैन । म बेला बेलामा उसलाई सम्झिरहन्छु । त्यो विदेशी, मेरो साइनु, सम्बन्ध केही नभएको मान्छे । तर म उसलाई सम्झि रहन्छु । कति पटक सपनामा पनि देखिरहन्छु । म नेपालकै धेरै नेताहरूसँग सँगै जेलमा बसेको छु । उनीहरू सरकारका ठूला ठूला पदमा पुगे । तिनीहरूसँग भेटघाट पनि हुन्छ । तर उनीहरूसँग म त्यत्ति किन घनिष्ट हुन सकिनँ, जति म सुब्रमन्यमूसँग भएँ ? श्रीलंका कै पनि धेरै जनासँग म जेलमा बसें । तर उसको जति सम्झना अरुको मलाई किन हुन सकेन ? आखिर सबै कुराको निर्णय विचारले गर्दो रहेछ । उसको बारेमा जानकारी पाउने इच्छा भैरहन्छ । तर मसँग कुनै उपाय छैन ।

हामी जेलमा छँदा नेपाल र श्रीलंकाको स्थिति उस्तै-उस्तै थियो । दुवै देशमा क्रान्तिकारी आन्दोलन अघि बढिरहेका थिए । दुवै देशको क्रान्ति विजयको सन्निकट पुगिसकेका थिए । तर आज स्थिति बदलिएको छ । श्रीलंकाको राष्ट्रिय मुक्ति आन्दोलनले धक्का खाएको छ । सरकारी सेनासँगको भिडन्तमा तामिल टाइगर पराजित भएको छ । नेपालमा माओवादी कुनै भिडन्तमा पराजित भएको होइन । नेतृत्वले आत्मसमर्पण गरेर विश्वासघातको शिकार भएर धक्का खाएको छ । तामिल टाइगरको पराजय सम्मानजनक रूपमा भएको छ । नेतृत्वबाट भएको आत्मसमर्पणले माओवादी आन्दोलनलाई विश्वस्तरमै बद्नाम गराएको छ । यसको ओज र गरिमा घटाएको छ । यस बिचमा सुब्रमन्यम र मेरो भेट हुन पाएको भए हामी कति महत्वपूर्ण बहस र छलफल चलाउने थियौं होला ! ०७५/०१/२३

## कविता

### बन्दुक उठाउनै पर्छ

● क.ज्वाला

नफुट, जुट
धेरै सुत्यौं, अब उठ
क्षितिज उघारिदैछ, लौ न जाग
कमाण्ड सम्हाल, अब अगाडि लाग ।
विगतबाट सिक, वर्तमानमा टेक
सहर बजार मात्रै होइन, हिंड बेसी लेक
पछ्याउँदै क्रान्तिका डोब, सहिदका पवित्र भूमी
रोज्दै त्याग, तपस्या, बलिदान, विजयको शीखर चुमी ।

कुरूप र घिनलाग्यो यो व्यवस्था, फाल्न अब जुट्नैपर्छ
देश र जनता लुट्ने दलालहरूलाई एक एक गरी चुट्नैपर्छ
गरी खाने गरिब जनताको व्यवस्था 'जनगणतन्त्र' अब ल्याउनैपर्छ
बन्दुकमा टिकेको सत्ता फाल्न अवश्यै फेरि पनि बन्दुक उठाउनै पर्छ ।

## डेंगु के हो ? १० लक्षण र बच्ने उपाय

डेंगु एक प्रकारको ज्वरो हो । यो लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । डेंगुको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ ।

यसले स-साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ । खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, रंगका खाली डब्बा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, फुलदानी, गमला, पानीका ट्यांकी आदिमा यस्ले फुल पार्दछ । सहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्तमात्रामा हुने भएकाले पनि यो लामखुट्टे सहरमा बढी देखिएको बताए ।

डेंगु एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीब्र भाइरल संक्रमण हो । यो भाइरस डेंगु १, डेंगु २, डेंगु ३ र डेंगु ४ गरी चार प्रकारका हुन्छन् । एडिज लामखट्टे कालो रंगको हुन्छ, जसमा सेतो थोप्लो पनि देखिन्छ । यो लामखुट्टेले विशेषगरी दिउँसो टोक्ने गर्दछ । औलो उत्पन्न गर्ने लामुखट्टे फोहोर पानीमा पाइने भए पनि डेंगु सार्ने लामखुट्टेले थुप्रै दिनदेखि हलचल नभएको स्वच्छ पानीमा फुल पार्छ ।

डेंगु रोग क्लासिक डेंगु, हेमोरेजिक र साक सिन्ड्रोमगरी तिन प्रकारका छन । क्लासिक डेंगु सामान्य प्रकारको डेंगु हो । यो आफैं निको हुन्छ, मृत्युको सम्भावना कम हुन्छ । तर यदि कुनै व्यक्तिलाई डेंगु हेमोरेजिक ज्वरो वा डेंगु साक सिन्ड्रोम भएको छ भने यसको उचित प्रकारले उपचार नगरे मृत्यु हुन सक्छ ।

स्वास्थ्य संस्थामा यसको लक्षण अनुसार उपचार गरीन्छ । ज्वरो घटाउन सिटामोल खानुपर्छ तथा प्रशस्त झोल पदार्थ खानुपर्छ । तर ज्वरो घटाउने भनेर एस्पीरीन तथा आईबुप्रोफेन भने खान हुँदैन । डेंग ज्वरो विरुद्धको खोप तथा खास उपचार समेत नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो । डेंगु ज्वरोको शंका लागेमा हुन सक्ने जटिलताबाट बचाउन तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्छ ।

**लक्षण**

डेंगु ज्वरोको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु हो । यो ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्दछ ।

- असाध्यै टाउको दुख्ने
-आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
-ढाड, जोर्नी तथा मांसापेशिहरू दुख्ने
-शरीरमा विमिरा आउने
-वाकवाकी लाग्ने
- पेट दुख्ने
- नाक वा गिजाबाट रगत बग्ने
- रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि लक्षणहरू पनि देखा पर्न सक्छ ।

**बच्ने उपाय**

-डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नु पर्छ ।
-पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने
-पानीको ट्याङ्किलाई लामखुट्टे प्रवेश गर्न नदिने गरि छोपेर राख्ने
-कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने
-फुलदानिमा रहेको पानी हप्तामा दुई पटक फेर्ने
-यस लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा बाहुला भएको वा शरिर ढाकिने लुगा लगाउनुपर्छ
-सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नु पर्छ, साथै साना केटाकेटिलार्य जुनसुकै समयमा पनि झुल भित्र सुताउनु पर्दछ ।
-लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ
-घरका झ्याल ढोकामा जाली लगाउनु उपयुक्त हुन्छ
-घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नु पर्छ ।



## आलोपालो

# मार्क्सवादको विकसित रूप : मार्क्सवाद–लेनिनवाद–माओवाद



❑ भरत बुर्जा मगर ❑

मार्क्सवाद विश्व सर्वहारा वर्गको मुक्तिको सिद्धान्त तथा हतियार जुन जर्मन दार्शनिक कार्ल मार्क्सद्धारा (१८१८ १८८३) जर्मन नागरिक फ्रेडरिक एङ्गेल्सको (१८२०-१८९५) सहयोगमा निर्माण गरिएको हो । मार्क्सवाद प्रुधोको अराजकतावाद, दक्षिणपन्थी सुधारवाद, ब्लान्की बाकुनिनको उग्रवादसहित सबैखाले प्रतिक्रियावादी चिन्तनसितको सङ्घर्षबाट खारिएर आएको सिद्धान्त हो । मार्क्सवादको तिन सङ्घटक अङ्गहरू- १) दर्शनशास्त्र २) राजनीतिक अर्थशास्त्र ३) वैज्ञानिक समाजवाद हुन् ।

***१)दर्शनशास्त्र***

दर्शन सम्बन्धी समग्र अध्ययन गर्ने विषय नै दर्शनशास्त्र हो । दर्शन भित्रि आँखा हो, जो जगत् र जीवनको वारेमा हेर्ने , बुझ्ने र विश्व बदल्ने विश्व दृष्टिकोण हो । हिमाली उपमहाद्धीपीय मान्नेता अनुसार दर्शन शव्द दृश धातुमा ल्युट् प्रत्यय लागेर बनेको हो,यसको व्युत्पत्ति यस्तो छ 'दृश्यते अनेन इति दर्शनम्' जसको अर्थ जसद्धारा देखिने काम हुन्छ त्यसैलाइ दर्शन भनिन्छ । पश्चिमा युनानी दार्शनिक पाइथागोरसले सर्वप्रथम दर्शन शव्दको प्रयोग गरे, जसलाई अंग्रेजीमा फिलोसफि उजषयिकयउजथ भनिन्छ । फिलोसको अर्थ ग्रीक भाषामा प्रेम र सोफियाको अर्थ विवेक दुइ शव्दबाट फिलोसफि बन्न गयो जस्को अर्थ विवेकपूर्ण प्रेम हुञ्छ । दर्शनशास्त्र अध्ययन गर्दा दर्शन धैरै प्रकारका भएतापनि विश्वमा दुइ प्रकारका छन् १ अध्यात्मवादी वा आदर्शवादी दर्शन र २ भौतिकवादी वा द्वन्दात्मक ऐतिहासिक भौतिकवादी दर्शन । अध्यात्मवाद वा आदर्शवादः अध्यात्मवादलाइ आदर्शवाद पनि भनिञ्छ । आदर्शवाद शव्द अंग्रेजिको आइडियल(ष्मभबा)बाट अनुवाद गरिएको हो । आइडियल को अर्थ आदर्श भएपनि यसको मूल अर्थ विचार (ष्मभब) हो । आदर्शवादको मुख्य मान्यता विश्व जगत् र जीवन इश्वरद्धारा निर्मित, जसको परिचालन पर्लोकबाट इश्वरले गर्दछ भन्ने हो । आदर्शवादको अर्को मान्यता चेतना प्रधान र पदार्थ गौण वा सहायक हो । आदर्शवादको अर्को मान्यता विश्व जगत् र जीवन बोधगम्य छैन भन्ने हो । आदर्शवादले आत्मालाई अमर मान्दछ ।

***२ भौतिकवाद :***

यसले विश्व जगत् र जीवन संघर्षवाट स्वनिर्मित, पदार्थ प्रधान चेतना सहायक, विश्व वोधगम्य मान्दछ । विल्हेल्म फ्रेडरिख हेगेलले (१७७०-१८३१) आदर्शवादलाई आध्यात्मवाद द्वन्दात्मक आदर्शवादमा विकास गरेतापनि फायरबाखले त्यसको खण्डन गर्दै भौतिकवादी दर्शन प्रतिपादन गरे । कार्ल मार्क्सले भौतिकवादलाइ द्वन्दात्मक ऐतिहासिक भौतिकवादमा विकास गर्नु भयो । द्वन्दवाद भन्नाले कुनैपनि बस्तुको अस्थित्व त्यस बस्तुमा निहीत वा रहेको नयाँ र पुरानो, जीवनशील र मरणशील दुइ विरोधी पक्ष बिचको संघर्षमा आधारित हुञ्छ , त्यसै सङ्घर्ष वा गति र अन्तरविरोधको अध्ययन गर्ने पदत्तिलाइ द्वन्दवाद भनिन्छ । कार्ल मार्क्सले हेगेलको द्वन्दात्मक आदर्शवादबाट द्वन्द्ात्मक र फायरबाखको भौतिकवादबाट मिलाएर द्वन्दात्मक भौतिकवादमा विकास गर्नु भयो । मानव इतिहासलाइ कार्ल मार्क्सले भौतिकवादी तरिकाले विश्लेषणात्मक संश्लेषण गर्नु भयो, जसलाई ऐतिहासिक भौतिकवाद भनिन्छ र यहि नै मार्क्सवादी दर्शन हो ।

***२ राजनीतिक अर्थशास्त्र :***

विश्व मानव समाजमा भएको सम्पूर्ण मानवीय क्रियाकलाप नै राजनीतिक अर्थशास्त्र भनिन्छ । राजनीतिक अर्थशास्त्रका सङ्घटकहरू निम्न छनः (क) उत्पादन प्रणाली -उत्पादक शक्ति , उत्पादन सम्बन्ध, उत्पादक शक्ति र उत्पादन सम्बन्धबिचको एकत्व । (ख) राज्य प्रणाली । (ग) उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकास र (घ) अतिरिक्त मूल्यको सिद्धान्त ।

***३) वैज्ञानिक समाजवाद :***

मार्क्सवादको तेश्रो सङ्घटक वैज्ञानिक समाजवाद हो । वैज्ञानिक समाजवाद फ्रान्सको परम्परागत काल्पनिक समाजवादबाट विकसित मार्क्स एङ्गेल्सबाट गरिएका हुन् । कार्ल मार्क्सले गरेको महान् आविष्कारमा इतिहासको आर्थिक व्याख्या र अतिरिक्त मुल्यको सिद्धान्तले समाजवादलाइ वैज्ञानिक बनाइदियो । मार्क्सवादको मुख्य मान्यता वर्ग सङ्घर्ष, सर्वहारा वर्गको पार्टी कम्युनिस्ट पार्टी, सर्वहारावर्गको अधिनायकत्व , राज्यसत्ता प्राप्तिको लागि बल प्रयोगको भूमिका ,समाजवादी क्रान्ति (क्षमतानुसार काम, काम अनुसार ज्याला भन्ने),सर्वहारा सांस्कृतिक क्रान्ति र अन्त्यमा वैज्ञानिक साम्यवाद -वर्गविहीन समाज, सत्ताविहीन राज्यविहीन विश्व साम्यवादी समाज जहाँ क्षमता अनुसार काम आवश्यकतानुसार माम भन्ने हुन्छ । बहुदलीय प्रतिष्पर्धा र वहुलवाद मार्क्सवाद विरोधी हुन् ।

सर्वप्रथम सन् १८४८मा मार्क्स एङ्गेल्सद्धारा कम्युनिष्ट घोषणा पत्र प्रकासित गरियो । त्यसपछि विश्वभरि मार्क्सवाद प्रचार भयो । फलस्वरूप सबभन्दा पहिले सन् १८७१मा पेरिसका मजदुरहरूले विद्रोह गरे । पेरिस कम्युनले पुँजिपतिवर्गको राज्य सत्ता आफ्नो हातमा लिए । *...बाँकी ७ पेजमा*

## क्रान्तिकारी...

प्राप्त समाचार अनुसार ३ नं. प्रदेशको काठमाडौंमा २९ साउनबाट पाँच हप्ते 'काठमाडौं मार्च अभियान' सञ्चालन गरिरहेको छ भने यसै अभियान अन्तर्गत काठमाडौंको जोरपाटी, बसुन्धरा र असनमा सन्देश सभा सम्पन्न गरेको छ । यी तीनवटै सन्देशसभालाई प्रमुख वक्ताको रूपमा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले सम्बोधन गरेका छन् ।

त्यसैगरी ललितपुर, भक्तपुर, चितवन, काभ्रे लगायतका जिल्लाहरूमा पनि एक महिने अभियान सञ्चालन भइरहेको छ । पीविएम प्रभाकिरणका अनुसार यस प्रदेशको रसुवा र धादिङमा बाहेक अन्य सबै जिल्लाहरूमा अभियान सञ्चालन भइरहेको छ । मकवानपुरमा भने १६ भदौंबाट सुरु हुने जनाइएको छ ।

उता पार्टीको १ नं. प्रदेशका इन्चार्ज तथा पार्टी पीवीएम मिनकुमारले दिएको जानकारी अनुसार प्रदेशका उदयपुर, सुनसरी, झापा, ओखलढुंगा, खोटाङ लगायतका जिल्लाहरूमा २१ भदौंबाट १५ दिने अभियान सुरु हुँदैछ । यस बीचमा प्रदेशमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको प्रदेश सम्मेलन सम्पन्न भएको छ भने शनिबार किसान महासंघ (क्रान्तिकारी)को प्रदेश कमिटि निर्माण गरिएको छ । अन्य जिल्लाहरूका पनि बैठक बस्ने र अभियान सञ्चालनका योजनाहरू बनाउने कामलाई गति दिइएको छ ।

दुई नम्बर प्रदेशका इन्चार्ज तथा पार्टी पीवीएम रमेशले दिएको जानकारी अनुसार भदौं १८ देखि २२ सम्म सिरहाको गोलबजारमा प्रदेश स्तरीय वैचारिक राजनीतिक प्रशिक्षणको आयोजना गरिएको छ । महोत्तरीको भने आइतबारबाट १५ दिने अभियान सुरु गरिएको छ । अन्य जिल्लाहरूको भने प्रशिक्षण सकिएलगत्तै अभियानहरू सञ्चालन गरिने इन्चार्ज रमेशले बताए ।

यता ४ नं. प्रदेशका इन्चार्ज तथा पार्टी पीवीएम अटलले दिएको जानकारी अनुसार प्रदेशका सबै जिल्लाहरूको बैठक सम्पन्न भएका छन् र १५ दिने अभियान सञ्चालन गर्ने निर्णयहरू लिइएका छन् । व्यवस्थित रूपमा नवलपुर जिल्लाले अभियान सञ्चालन गरिरहेको छ । अभियानको क्रममा २१ सदस्यीय दुईवटा देजमो र १३ सदस्यीय क्रान्तिकारी युवा लिगको कमिटि गठन गरिएको छ । अन्य जिल्लाहरूमा पनि अभियान सञ्चालनको तयारी भइरहेको छ ।

उता ५ नं. प्रदेशका इन्चार्ज तथा पार्टी पीवीएम प्रमोदका अनुसार प्रदेशभित्रका सबै जिल्लाहरूका बैठक र कतिपय जिल्लाहरूको प्रशिक्षण समेत सम्पन्न भएका छन् । बाँके, बर्दिया, दाङलगायतका जिल्लामा वैचारिक राजनीतिक प्रशिक्षण सम्पन्न भएका छन् भने बुटवल र बाँकेमा विषादीयुक्त तरकारीको विषयमा देजमोको आयोजनामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएका छन् । सबै जिल्लामा आ-आफ्नो सापेक्षतामा अभियान चलिरहेका छन् ।

कर्णाली प्रदेशका इन्चार्ज तथा पीवीएम सीपीका अनुसार क्रान्तिकारी माओवादीको कर्णाली प्रदेश अन्तर्गतका जिल्ला पार्टीका बैठकहरू सम्पन्न भएका छन् । जसअन्तर्गत २०७६ साउन १८ गते सूर्खेत, साउन ३२ गते सल्यान-रुकुम, भाद्र ७ गते दैलेख जिल्ला पार्टीका बैठकहरू भएका छन् । सबै जिल्लाहरूले २०७६ को आगामी भाद्र मसान्तभित्र पार्टी सदस्यता नवीकरण गरि सक्ने, जवस/मोर्चाहरूको १५ दिने साधारण सदस्यता वितरण अभियान चलाउने, पार्टी, जबसका भेला, बैठक, गठन, पुनर्गठनलगायतका काम गर्ने, स्थानीय स्तरका संघर्षका कार्यक्रम उठाउने, आगामी असोज १ देखि बर्गदृष्टिका ग्राहक तथा विज्ञापन केन्द्रित अभियान सञ्चालन गर्ने लगायतका निर्णय भएको इन्चार्ज सिपीले बताए ।

उनका अनुसार सल्यान र रुकुम जिल्लामा कमरेड परिवर्तनको नेतृत्वमा ११ सदस्यीय संयुक्त जिल्ला कमिटी समेत निर्माण गरिएको छ । समितिका अन्य सदस्यहरूमा विश्वास, आकाश, सुदीप, वि.वि, राजेन्द्र, लक्ष्मी, पैले, प्रेम, खिम, लाल लगायत रहेका छन् । सो अवसरमा पार्टी पिविएम तथा कर्णाली प्रदेश इन्चार्ज सी.पी.र दैलेख जिल्ला बैठकमा प्रदेश सचिव तथा दैलेख इन्चार्ज अस्मानको उपस्थिति रहेको थियो । र, यसैक्रममा अखिल (क्रान्तिकारी)को सुर्खेत जिल्ला समेत गठन गरिएको छ ।

त्यसैगरी, सुदूरपश्चिम प्रदेशका इन्चार्ज तथा पार्टी पीवीएम अनुकूलका अनुसार यस प्रदेशभित्रका अधिकांश जिल्लाका बैठकहरू सम्पन्न भइसकेका छन् र कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, अछाम, बझाङमा अभियान सञ्चालन भइरहेका छन् । यसबीचमा, कैलालीमा भूमाफियाका विरुद्धको कारबाही तथा जग्गा कब्जा गरी सुकुम्बासीहरूलाई वितरण गरिएको छ भने अखिल (क्रान्तिकारी)को प्रदेश भेला सम्पन्न भएको छ । अन्य जबस मोर्चाहरूको भेला बैठक, गठन पुनर्गठन लगायतका कामहरू भइरहेको इन्चार्ज अनुकूलले बताए ।

नेताहरूका अनुसार अभियानको क्रममा विभिन्न कालखण्डमा पार्टी आन्दोलनमा सक्रिय भूमिका खेलेका तर विभिन्न कारणबश निस्क्रिय रहेका नेता कार्यकर्ताहरू, सहिद तथा वेपत्ता योद्धा परिवार, घाइते योद्धाहरूसँग भेटघाट अन्तर्क्रिया, पार्टी, देजमो तथा जबस मोर्चाका सदस्यता वितरण, पार्टी सदस्यताको नवीकरण, संगठन विस्तार, जनताले भोग्नु परेका समस्याहरू तथा अन्तरविरोधहरूको पहिचान, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई लिएर भण्डाफोर तथा सन्देश सभाहरू, जनसंघर्ष, वर्गसंघर्ष तथा प्रतिरोध संघर्ष उठानको आधार तयार पार्ने लगायतका कामहरू भइरहेका छन् । नयाँ जनवादी क्रान्तिको तयारीमा रहेको क्रान्तिकारी माओवादी अहिले संघर्ष-संगठन-संघर्षको मान्यतामा आधारित भएर देशव्यापी अभियानमा जुटेको छ ।

## युवाहरूले...

सातवटै प्रदेशका जिल्लाहरूमा व्यापक बनाउने, वैदेशिक रोजगारमा गएका र बेरोजगार युवाहरूले भोग्नु परेका समस्याहरूलाई लिएर सरकारलाई ज्ञापन पत्र दिने तथा संघर्षका अन्य सिर्जनात्मक तरिकाहरू अपनाउने, इपिएस र लोकसेवामा अयोग्य भएका युवाहरूलाई पनि संगठित गर्ने, असोज १५ सम्ममा सबै प्रदेशको बैठक र चैत्र सम्ममा सबै प्रदेश तथा जिल्लाका भेला सम्मेलन गरिसक्ने निर्णय गरेको छ ।


## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक


## हार्दिक श्रद्धाञ्जली



**जन्म मिति :** २०२५/०२/२०

**निधन मिति :** २०७६/०५/११

सुच्चा मेमोरियल माध्यामिक विद्यालयकी इन्चार्ज तथा शिक्षिका प्रविणा लक्ष्मीराज भण्डारीका आदरणीय दाजु थसिखेल ललितपुर निवासी **प्रज्वल राज भण्डारी**को स्वास्थ्योपचारको क्रममा ५१ वर्षको उमेरमा असामयिक निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै, यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं

**गोपाल पुन मगर**
**प्रिन्सिपल**
**एवम् सुच्चा मेमोरियल विद्यालय परिवार**


## यातायात व्यवस्था सेवा कार्यालय पाल्पाको सूचना

**कार्यालयबाट प्रदान गरिने सेवाहरू**

१. सवारी साधनको कर असुल गर्ने ।
२. ब्लुबुक नवीकरण गर्ने ।
३. रुट परमीट नवीकरण गर्ने ।
४. सवारी साधन जाँच पास गर्ने ।
५. अस्थायी इजाजत (पटके) दिने

*"सवारी साधनको कर समयमै तिरी जरीवानाबाट बचौं ।"*

**यातायात व्यवस्था सेवा कार्यालय**
बर्तुङ, पाल्पा







**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुम बहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।